# घरायसी निर्णय प्रक्रियामा महिलाको भुमिकाको अवस्था

(फाकफोकथुम गाउँपालिका वार्ड नं.-५ लुम्दे, इलामको एक समाजशास्त्रिय

अध्ययन )

त्रिभुवन विश्वविद्यालय महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको
मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत
समाजशास्त्र विषयकोस्नातकोत्तर तह
दोस्रो वर्षको आंशिकआवश्यकता
परिपूर्तिको लागिप्रस्तुत
गरिएको

शोध-पत्र

शोधार्थी
उमेश राउत
त्रिभुवन विश्वविद्यालय
महेन्द्ररत्न बहुमुखी क्याम्पस, ईलाम
समाजशास्त्र विभाग
त्रि.वि.रजिष्ट्रशन नं.: ६-१-१-३०६-२००६
परिक्षा रोल.नं.: १००२६
२०७५

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्नको निमित्त मेरो निर्देशन तथा सहयोगमा छात्र उमेश राउतले " **घरायसी निर्णय प्रक्रियामा महिलाको भुमिका फाकफोकथुम गाउँपालिका वार्ड नं.-५ लुम्दे, इलामको एक अध्ययन** " नामको शोधपत्र तयार भएको हो म उहाको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दुछु ।

......................................

सन्तोष पराजुली

(शोध निर्देशक)

समाजशास्त्र

विभाग

महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम

# कृतज्ञता ज्ञापन

प्रस्तुत शीर्षकको **“घरायसि निर्णय प्रक्रियामा महिलाको भुमिका”**शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परि पूर्तिको लागि तयार पारिएको हो । यस शोधपत्रको प्रस्तावना कार्य देखि अन्त्य सम्म आफ्नो अमूल्य समय दिई निर्देशन, सल्लाह, सुझाब एबं सहयोग प्रदान गर्नु हुने त्रिभुवन विश्वविद्यालय महेन्द्र रत्न बहुमुखी क्यामपस इलामका समाजशास्त्र विभागका श्रद्धेय गुरु उप-प्राध्यापकश्री सन्तोष पराजुली, विभागीय प्रमुख मोहनसिंह थेवे साथै समाजशास्त्र विभागका आदरणीय गुरु वर्गहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो जीवनको पाईला सँगै भौतिक, आर्थिक तथा हरेक क्षेत्रमा सहयोग गर्दै उच्च शिक्षा सम्म पढ्न प्रोत्साहन गरि यो अबस्थामा ल्याई दिनु हुने आदरणीय बुबा आमा जंगलाल राउत र अन्तिम माया राउत तथा दाजुहरु राजु कुमार राउत र बिपेन राउत तथा दिदी बहिनी चेतकुमारी राउत रमिनादेवी राउत प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरि अहिलेको अवस्थामा शोध कार्य गर्नका लागि हौसला, सहयोग र प्रेरणा दिईअध्ययन कार्यमा सहयोग पुऱ्याउनु हुने उच्च अदालत विराटनगर, इलाम इजलासका सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्न चाहन्छु । शोधपत्रका क्रममाअध्ययन क्षेत्रका महिलाहरु जसले विभिन्न जिज्ञासा र चाहना पुरा गरि तथ्याङ्क संकलनमा सहयोग गर्नु भएको छ उँहाहरुलाई विशेष धन्यावाद दिन चाहन्छु । त्यस्तै आवश्यक सूचनाहरु उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने अध्ययन क्षेत्रको अग्रजहरु र फाकथोथुम गाउँपालिका वडा नं. ५ प्रति धन्यबाद ज्ञापन गर्न चाहन्छु । त्यस्तै आवश्यक सूचनाहरु उपलब्ध गराउन सहयोग गर्नु हुने अभिभावक तथा बुद्धिजिविहरु, बिभिन्न सरकारी, गैरसरकारी संघ, संस्थाहरुलाई धन्यबाद नदिरहन सक्दिन । त्यसै गरी आवश्यक सुझाव सल्लाह प्रदान गर्नुहुने मेरा साथी भोलानाथ पोखरेल प्रति पनि धन्यवाद अर्पण गर्दछु । अन्त्यमा यस शोधपत्र तयार गर्ने क्रममा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सबैलाई धन्यबाद दिन चाहन्छु ।

# विषय सूची

*पेज नं.*

**अध्याय एक : अध्ययनको पृष्ठभुमि**
१.१ परिचय १
१.२ समस्याको कथन ६
१.३ अध्ययनको उद्देश्य ८
१.४ अध्ययनको महत्व ९
१.५ अध्ययनको संगठन ९

**अध्याय दुई : सन्दर्भ साहित्यको पुनरावलोकन**
२.१ साहित्यको पुनरावलोकन ११
२.२ शैद्धान्तिक समिक्षा १६
२.३ असमानताको सिद्धान्त १८
२.४ लैंगिकताको सिद्धान्त १८
२.५ मार्क्सवादी दृष्टिकोण २०
२.६ वेबरवादी दृष्टिकोण २३

**अध्याय तीन : अनुसन्धान पद्धति**
३.१अध्ययन क्षेत्र छनोट २५
३.२ तथ्याङ्कको ढाँचा २५
३.३ तथ्याङ्कको स्रोत २५
३.४ तथ्याङ्कको प्रकृति २६
३.५ अध्ययनको समग्र र नमुना छनोट २८
३.६ तथ्याङ्क सङ्कलन विधि २८
  ३.६.१ अर्न्तवार्ता
  ३.६.२ विशेष व्यक्तिसँगको अर्न्तवार्ता
  ३.६.३ व्यक्तिगत अध्ययन
३.७ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण २९

**अध्याय चार : अध्ययन क्षेत्रको परिचय**
४.१ उत्तरदाताको उमेर समूह ३०
४.२ जातीय स्थिति ३१
४.३ धार्मिक स्थिति ३२
४.४ पारिवारिक स्वरूप ३३
४.५ परिवारको आकार ३४

४.६ विवाहको स्वरुप ३५
४.७ विवाहको उमेर ३६
४.८ वैवाहिक स्थिति ३८
४.९ आर्थिक अवस्था ३९
४.९.१ उत्तरदाताको आर्थिक कारोवारमा संलग्नता ३९
४.९.२ उत्तरदाताको परिवारको आम्दानीको स्रोत ४०

**अध्याय पाँच : परिवारमा महिलाको निर्णय अधिकार र भुमिका**
५.१ बच्चा जन्माउने निर्णय ४१
५.२ स्वास्थ्य सुरक्षा ४२
५.३ भू-स्वामित्वको स्थिति ४३
५.४ शैक्षिक स्थिति ४४
५.५ विद्यालय छनौट ४५
५.६ घरायसि सामान खरिद बिक्रीमा निर्णय ४६
५.७ समय अनुसार बाली ४७
५.८ शिक्षामा महिलाको सहभागिता ४८
५.९ घरायसि अन्य निर्णयमा सहभागिता ४९
५.१० निर्णय अधिकारमा प्रभावीत तत्वहरु ५०
५.१०.१ शिक्षा ५१
५.१०.२ पेशा ५२
५.१०.३ महिला र वाह्य गतिविधि ५३
५.१०.४ वैयक्तिक अध्ययन ५४

**अध्यायछ : सारांश र निष्कर्ष**
६.१ सारांश ५७
६.२ उपलब्धी ६१
६.३ निष्कर्ष ६२
**सन्दर्भ सामाग्री**

**परिशिष्ट**

# अध्याय- एक

# परिचय

## १.१अध्ययनको पृष्ठभुमि

नेपाल एक अविकसित राष्ट्र हो । जसको कारण यहाँका मानिसहरु आधारभुत आवश्यकताबाट पनि बन्चित छन् । यहाँका मानिसहरु सबैमा शिक्षाको पहुँच पुग्न सकेको छैन । जसको कारणले पनि यहाँ छोरा, छोरी तथा महिला पुरुष बिच ठुलो भेदभावको वातावरण श्रृजना भएको पाईन्छ । जनसंख्याको आधा भन्दा बढि हिस्सा ओगटेको महिलाहरुको विकास निर्माण र अन्य गतिविधिहरुमा न्युन सहभागिता रहेको छ । आज पनि महिला र पुरुष बीचमा ठूलो भिन्नता रहेको छ । महिलाले पुरुष सरह समान अधिकार पाउन सकेका छैनन् । पितृसत्तात्मक देश भनेर चिनिने नेपालमा हरेक कृयाकलापमा पुरुषहरुको नै हावी हुन्छ ।

नेपाली समाजमा घरायसी तहमा गरिने आर्थिक कृयाकलाप, खेती, पशुपालन आदिमा पुरुषहरुको संलग्नता रहे पनि घरायसी काम, कृषि, मेलापात आदी कार्यमा महिलाहरु बढि समय खट्नु पर्ने बाध्यता रहेको हुन्छ । यस फाकफोकथुम गाउँपालिका वडा नं.-५, लुम्देमा हेर्ने हो भने यहाँका महिलाहरु धेरै खटेर काम गरिरहेका हुन्छन । महिला विहान सबेरै उठेर बेलुका अबेरसम्म काम गर्दछन् तर उनीहरूको कामको कुनै मूल्याङ्कन गरिदैंन । महिलाको कामलाई खाली उत्पादनहिन कामको रुपमा उल्लेख गरिन्छ । विभिन्न रुढिवादि परम्पराले गर्दा पनि पुरुषहरुले महिलालाई हेयको दृष्टिले हेर्ने गर्दछन् । महिला भनेका तल्लो दर्जाका नागरिक हुन् उनिहरुले गरेका काम पनि राम्रो हुदैन र उनिहरुले राम्रो काम गर्न पनि सक्दैनन भन्ने पुरुषहरुको घमण्ड रहेको हुन्छ ।

हरेक घरपरिवार भित्र रहेका आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनैतिक आदि कुराहरूमा कसको बढी आधिपत्य रहेको छ भन्ने कुरा नै घरायसि निर्णय प्रक्रिया भन्ने बुझिन्छ । घर सञ्चालनका क्रममा विभिन्न किसिमका निर्णयहरू गर्नुपर्ने हुन्छ । त्यस्तो परिस्थितिमा त्यस्ता निर्णयहरू पुरूष र महिला मिलेर गर्छन् वा पुरूष एक्लै र महिलाले मात्र गर्दछन् भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ । यस निर्णय गर्ने प्रक्रियामा पनि शिक्षित र रोजगार महिला बढी सक्रिय हुन्छन् कि निरक्षर महिला बढी सक्रिय हुन्छन् भन्ने कुरा पत्ता

लगाउन खोजिएको छ । जसमा निरक्षर महिलाको तुलनामा शिक्षित महिलाहरूको भूमिका बढी सशक्त हुन्छ । जहाँ एउटा भनाइ छ कि एउटा पुरूष शिक्षित भएमा केवल ऊ मात्र शिक्षित हुन्छ तर एउटा महिला शिक्षित भइन् भन्ने उसको सम्पूर्ण परिवार नै शिक्षित हुन्छ । त्यस्तै ग्रामीण महिलाहरूको तुलनामा सहरी महिलाहरूको निर्णय अधिकार बढी रहेको पाइने छ । (CWIN, 2002) ।

विश्व जनसंख्याको आधाभन्दा बढी जनसङ्ख्या ओगटेको महिलाहरूको विकास निर्माण र अन्य रचनात्मक गतिविधिहरूमा सहभागिता न्युन रहेको छ । महिला सहभागितालाई विश्लेषण गर्ने हो भने घर, परिवार समाज र राष्ट्र प्रत्येक ठाउँमा उनिहरूको सहभागिता उलेख्य छैन् । जनसङ्ख्याको आधारमा हेर्ने हो भने ५१.५० प्रतिशत (केन्द्रिय तथ्याङ्क विभाग -२०६८)रहेको नेपाली महिलाहरूको राष्ट्रिय योजना आयोगमा उपस्थिति शुन्य छ ।

“जातीय तथा क्षेत्रीय विविधताका कारण यहाँका महिलाहरूको स्थितिमा असमानाता रहेको पाइन्छ । छोरी प्रतिको व्यवहार र अवधारणा पनि फरक फरक रहेको पाइन्छ ।” नेपालमा सबै जातिहरूमा पितृसत्तात्मक संस्कृति छ तर पनि हिन्दु धर्म संस्कृतिको प्रभाव परेका मंगोल मुलका जनजातिहरूमा छोरी प्रतिको अवधारणा र व्यवहारहरू केही मात्रामा फरक फरक छन् । खासगरी हिन्दु वर्ण व्यवस्थामा बाँधिएका ब्राम्हण, क्षेत्री र नेवारहरुको छोरीहरू प्रति वाध्यात्मक नीति, संस्कार, व्यवहार र चलनहरू बढी छन् । हिन्दु संस्कृतिका तराईका जनजातिहरूका पनि स्थिति करिब उस्तै छन् तर मगर, गुरूङ, राई, लिम्बू, थारू, चेपाङ आदि समुदायहरू अहिलेसम्म पनि जनजातीय स्तरका नजिक रहेका हुनाले तिनिहरूमा बाहुन, क्षेत्री आदिमा जस्तो पितृसत्तात्मक हैकम त्यति चर्को रूपमा पाइदैन । फलस्वरूप यहाँ महिलाहरूप्रतिको व्यवहार केही उद्धार खालको रहेको देखिन्छ त्यसैले छोरीहरूप्रति पनि केही खुल्ला र उद्धार खालका नीति र संस्कार आदि पाइन्छन्” (प्रश्रित, २०४९) ।

घरपरिवार चाहे धनि होस् या गरिब, घरेलु कार्यकमको जिम्मा महिलाहरू उपर नै हुन्छन् । बालीनाली थन्काउनु खाना पकाउनु, सरसफाई एवम् वालक र वृद्धाहरूको हेरचाह गर्ने कार्य पनि महिलाहरूले गर्नु पर्दछ । जवकि पुरुषहरूले अत्यन्त थैरै समयमात्र घरायसी काममा खर्च गर्दछन् (आचार्य, १९८१) ।

समग्रमा एउटा परिवार, समाज र सिङ्गो राष्ट्रको समग्र विकासको लागि महिलाहरूलाई पनि घरको महत्वपूर्ण निर्णय गर्नको लागि अवसर उपलब्ध गराइनु पर्दछ जबकी उनीहरूले घर, परिवार, समुदाय र राष्ट्र हुँदै अन्तर्राष्ट्रिय जगतमा समेत एउटा महत्वपूर्ण निर्णयकर्ताको रूपमा उभिन सक्छन् (श्रेष्ठ, २०६०)।

समयको परिर्वतन सँगै छोरीलाई पनि पढाउनु पर्दछ भने मान्यताको कारण यस समाजमा छोरी बुहारीलाई शिक्षा दिन थालेको पाइन्छ। जसले गर्दा महिलाहरू शिक्षित हुन थालेका छन् र रोजगारीको क्षेत्रमा थोरै मात्रामा संलग्न हुन पुगेका छन्। जसले गर्दा यस ठाउँका शिक्षित महिलाहरूको निर्णय अधिकारमा थोरै संलग्नता रहन पुगेको छ जसको मुख्य कारण पुरुष प्रधान समाज र बढी मात्रामा हिन्दु धर्म मान्य ब्राम्हण जातिको बसोबास रहनु नै हो। शिक्षित परिवारको हकमा कुरा गर्दा शिक्षित परिवारका सदस्यहरूले धेरथोर मात्रामा महिलाहरूलाई सामाजिक, साँस्कृतिक कार्यमा संलग्न हुने मौका दिने गर्दछन तर अशिक्षित परिवारका सदस्यहरूले महिलाहरूलाई त्यस्तो किसिमको सामाजिक साँस्कृतिक कार्यमा संलग्न हुन नदिने गरेको पाइन्छ। यदि कोही महिला यस्तो कार्यमा संलग्न भएमा अशिक्षित व्यक्तिहरूले ठुली भएकी भन्ने गर्दछन् जसको कारण उनीहरूले महिलालाई जहिले पनि कमजोर वर्गको रूपमा केही थाहा नभएको व्यक्तिको रूपमा लिने गर्दछन्।

ग्रामीण क्षेत्र भएको कारणले महिलाहरू विहान ४ वजेदेखि उठेर घरको धन्दा गर्ने देखि लिएर चुलोचौको र कृषिकार्यमा समय विताउने गर्दछन् तर उनीहरूले त्यसै बेलुका ढिलोसम्म गरेको कार्यलाई आर्थिक रूपमा मूल्याङ्कन गर्दैनन् जसलाई पुन उत्पादनको कार्य समेत नभनेको पाइन्छ। जसमा उनीहरूले खाना पकाउने देखि परिवारका सम्पूर्ण सदस्यहरूलाई खानदिने, बाल बच्चालाई खुवाउने, सरसफाई गर्ने र अरु कार्यसमेत गर्ने गर्दछन्।

३० प्रतिशत भन्दा बढी नेपाली महिलाहरू बिहान चार बजेदेखि बेलुका दस बजेसम्म घरभित्र र बाहिरका काममा निरन्तर लागेका हुन्छन्। राष्ट्रिय आयमा उनीहरूको श्रम न्युन मात्रामा छ। ग्रामिण क्षेत्रका १३ प्रतिशत महिलाहरू ज्यालादारीमा काम गर्दछन्। दक्षिण एसियामा महिलाहरूको उधोगमा १८ प्रतिशत, नोकरीमा २१ प्रतिशत र सम्पतिमा १५ प्रतिशत स्वामित्व रहेको छ (FAO, 2011)।

समयको परिवर्तनसँगै छोरीलाई पनि छोरासरह शिक्षा दिनुपर्छ भन्ने मान्यता बढ्दै गएको छ । जसले गर्दा बुहारीहरु पनि शिक्षित हुदै गएका छन् । र घरायसि निर्णय प्रक्रियामा पनि केहि संलग्नता रहेको पाईन्छ । अशिक्षित परिवारका सदस्यहरूले महिलाहरूलाई त्यस्तो किसिमको सामाजिक साँस्कृतिक कार्यमा संलग्न हुन नदिने गरेको पाइन्छ । यदि कोही महिला यस्तो कार्यमा संलग्न भएमा अशिक्षित व्यक्तिहरूले पोथी बासेको भन्ने गर्दछन् जसको कारण उनीहरूले महिलालाई जहिले पनि कमजोर वर्गको रूपमा केही थाहा नभएको व्यक्तिको रूपमा लिने गर्दछन् ।

हिन्दु धर्मका अनुसार बिवाहको एउटा प्रमुख उद्देश्य गर्भाधान गर्नु, सन्तान जन्माउनु हो । हिन्दु धर्मले छोरालाई प्रमुखता दिएको छ । यस धर्मका अनुसार छोराले बाबु आमाको मृत्यु पछि नरकबाट पार लगाउँछ भन्ने मान्यता छ । उदाहरणका लागि पति मर्दा कियापुत्री छोराले नै बस्नु पर्दछ, श्राद्ध छोराले नै गर्नु पर्दछ, दागबत्ती छोराले नै दिनु पर्दछ जबकि विधवा महिलाले उक्त धार्मिक कार्य गरेमा मृतक पनि स्वर्ग जान पाउँदैनन्, भन्ने अन्धविश्वास रहेको पाईन्छ । आज पनि छोरा नपाउने महिला पटक पटक गर्भवति र सुत्केरी हुनुपर्ने अवस्था छ । पटक पटक महिला गर्भवति हुनुपर्दा महिला शारीरिक मानसिक रुपमा पिडित हुने मात्र हैन दैनिक कयौं महिला मृत्युको शिकार हुन बाध्य भैरहेका छन् । आधुनिक चिकित्सा प्रणालिको बिकासको कारणले कयौं शहरीया बाबु आमा गर्भ परिक्षण गराई छोरा देखिएमा मात्र सुत्केरी गराउने र छोरी देखिएमा गर्भ नै पतन गराउने पनि प्रशस्त घटनाहरू प्रकाशमा आईरहेको छ । यसले गर्दा छोरीलाई आफ्नो जन्मन पाउने पहिलो अधिकारबाट समेत बन्चित गरिने मात्र नभई गर्भवती महिलाको स्वास्थ्यमा समेत प्रतिकुल असर पर्न सक्ने अवस्था रहँदै आएको छ । यस्तो समस्यामा पुरुषहरु सहयोग पनि गर्दैनन् र महिलाले साथ पनि पाउँदैनन् । महिलाले जस्तो सुकै परिस्थितिमा पनि आफ्नो जिम्मेवारी पुरा गर्नुपर्ने हुन्छ ।

नेपाल लामो समयदेखि अर्धसामन्ति अवस्था पार गरी नसकेको एउटा सानो मुलुक हो । अर्धसामन्तिक समाज भन्नाले पूर्ण रूपमा आफूमा अधिकार नरहेको र सम्पूर्ण निर्णयको लागि अरुमा भर पर्नुपर्ने भन्ने बुझिन्छ । यहाँको समाजमा पनि महिलाहरूले पूर्ण रूपमा पुरुषको भर पर्नुपर्ने र उनीहरूले आफ्नो सो इच्छा अनुसारको कार्य गर्न नपाउनु नै हो ।

देशको भौगोलिक विकटता, जाति, धर्म, संस्कृति, परम्परा, अन्धविश्वास आदिले पनि महिलाहरूलाई पुरूष सरह कुनै पनि क्षेत्रमा अवसर दिइएको पाइदैन । पुरूष प्रधान वा पितृसत्तात्मक सामाजिक संरचनाले अधिकांश महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गर्दै आएको  पाइन्छ । यसरी एकातिर हाम्रा सामाजिक, धार्मिक, परम्परा र अन्धविश्वासका कारण महिला माथि पक्षपातपूर्ण व्यवहार छ । अर्कोतिर महिलाको पैतृक सम्पत्तिमा हक छैन । बाबु दाजुभाइको निगरानीमा प्राप्त दाइजो वा सेवामा चित्त बुझाउनु पर्ने परम्परागत सोचबाट समाज मुक्त हुन सकेको छैन । सहरी क्षेत्रका सीमित महिलाहरू अगाडि आउन सके पनि ग्रामीण क्षेत्रको महिला अगाडि बढ्न सकेका छैनन् । त्यस्तै श्रमका आधारमा भन्ने हो भने ग्रामीण क्षेत्रका महिलाहरू दिनमा १८ घण्टा काम गरेर आर्थिक क्रियाकलापमा संलग्न रहे पनि उनीहरूको त्यस माथि निर्णय अधिकार वा स्वामित्व रहँदैन । यसको मुख्य कारण पितृसत्तात्मक समाज, परम्परागत मूल्य र मान्यता चेतनाको कमी, साधन स्रोतमा महिलाको पहुँच नहुनु नै हो (मिश्र, २०६३) ।

नेपालको समाजमा अधिकांश महिलाहरु पुर्ण रुपमा पुरुषमा निर्भर रहेका छन् । महिलाहरुलाई कुनै पनि क्षेत्रमा पुरुष सरह अवसर दिन सकेको छैन । सहरी क्षेत्रका सिमित महिलाहरु अगाडि आउन सके पनि ग्रामिण क्षेत्रका महिलाहरु अगाडि बढ्न सकेका छैनन् । यदि धनि परिवारको बुहारी भित्रयाइएमा परिवारका सबै सदस्यहरु भनेको कुरालाई पालन गर्दछन् जस्तै एउटा गरिब परिवारमा ग्यास छैन उनीहरू पहिला दाउरा खोजेर खाना पकाउने गर्दथ्ये तर एउटा धनी परिवारको केटी बुहारीको रूपमा आइन र उनले त्यो कालो भाँडा माझ्न सक्दिन भन्ने परिवारका सदस्यले ग्यासमा खाना पकाउन थाल्दछन्  जसले गर्दा शिक्षित र खान्दानि परिवारबाट आएका महिलाहरूले आफ्नो गाउँमा र  घरमा केही परिर्वतन गर्दछ । एउटा शिक्षित महिला गाउँमा आए पछि उसले गाउँका अरु दिदी बहिनीलाई सरसफाइदेखि लिएर शिक्षा समेत दिएर साक्षर बनाउने प्रयास गर्दछिन । महिलाको सामाजिक आर्थिक अवस्थाले सामाजिक भुमिकामा प्रभाव पार्दछ । घरायसि निर्णयमा महिलाको अधिकार नहुनुमा एक पैमुख कारण त अशिक्षा नै हो ।  शिक्षित महिलाको सामाजिक, आर्थिक, धार्मिक लगायत अन्य क्रियाकलापको निर्णय अधिकारमा सहभागिता पाइन्छ । त्यस्तो कमै परिवार छ जसमा घरमूली महिला भएर सञ्चालन गरिएको जनगणना २०११ को केन्द्रीय तथ्याङ्कबाट हेर्दा जम्मा १८.०२% घर परिवार मात्र महिलाबाट सञ्चालित भएको देखिन्छ ।

## १.२ समस्याको कथन

नेपालमा महिला विकासका लागि विभिन्न संघ संस्थाहरु खुलेका छन र ति संस्थाहरुले महिला विकास तथा शसक्तिकरणमा भुमिका निर्वाह गरेता पनि ग्रामिण महिलाहरु सबैमा त्यस्ता पहुँच पुग्न सकेका छैनन । एउटा महिला घरभित्र लगायत सम्पुर्ण बाहिरको काम पनि सकेर एउटा घर चलाउदछीन तर त्यो कामलाई आर्थिक रुपमा गणना गरिदैन । त्यस्ता कार्यको लेखाजोखा गरिदैन । नेपालका महिलाहरु अझै पनि पछि परेका छन जसको कारण अशिक्षा पनि हो । नेपालको सर्न्दभमा हेर्दा विभिन्न सरकारी कार्यलयदेखि सामान्य संघ संस्थाहरुमा समेत महिला भन्दा पुरुषको संख्या बढि नै देखिन्छ ।

नेपालको महिलाहरू प्रत्येक क्षेत्रमा पछि परेको पाइन्छ । जस्तै स्वास्थ्य, शिक्षा, आर्थिक, रोजगारी र राजनीति आदि । सहरीया महिलाहरूको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरू र शिक्षित महिलाहरूको तुलनामा निरक्षर महिलाहरूको निर्णय अधिकार लगायत सम्पूर्ण शिक्षा, स्वास्थ्य र आर्थिक क्षेत्रमा कम पहुँच रहेको छ । यसै समाजमा रहेको शिक्षित -अशिक्षित महिलाले गर्ने निर्णय नै हो जसको कुरा त्यस स्थानको अध्ययनको क्रममा पत्ता लागेको छ । जसको कारण महिलाको निर्णय अधिकार पूर्ण रूपमा परिवर्तन भएको छैन (Sing, 2002) .

एउटा भनाई छ, जुन घरमा शिक्षित महिला छ त्यस घरका सवै सदस्यहरु शिक्षित हुन्छन् । महिला केहि पढेको भएमा घरका सदस्यले नि त्यहि अनुरुप व्यवहार गर्दछन् । अनपढ महिला छ भने उनले भनेको कुरामा सत्य छ भने पनि तलाई के थाहा यस्ता कुरा भन्ने हेय धारणा राख्छन भने पढेको छ भने ठिकै हो उनीले भनेको भन्ने हुन्छ । एउटा शिक्षित महिलाले गाउँमा अरु दिदी बहिनीलाई सरसफाइदेखि लिएर शिक्षा, स्वाथ्य क्षेत्रमा साक्षर बनाउने प्रयास गर्दछिन । शिक्षित महिलाले आफ्नो निर्णय अरुलाई प्रस्तुत गर्न सक्दछिन जसलाई सुरुसुरुमा अरुले विश्वास नगरेको र समय वित्दै जाँदा उनीहरूले उनले भनेको कुरालाई राम्रो मान्दै आज भोलि स्विकार गर्ने गरेको पाइन्छ ।

रोजगारी भएका महिला छन भने उनि काममा जाने पैसा कमाउने हुने हुनाले घरायसि निर्णयको कुरादेखि लिएर बाहिरका अन्य क्रियाकलापमा समेत उनको हावी हुन्छ । महिलाले घरमा बसेर जति काम गरेपनि कम हुन्छ र बाहिर जागिर गर्ने भयो भ्याउदिनन् वा सक्दिनन भन्ने प्रचलन छ । यदि धनी परिवारको बुहारी भित्राएमा परिवारका सबै

सदस्यले त्यस महिलाले भनेको कुरालाई पालन गर्दछन् जस्तै एउटा गरिब परिवारमा ग्यास छैन उनीहरू पहिला दाउरा खोजेर खाना पकाउने गर्दथ्थे तर एउटा धनी परिवारको केटी बुहारीको रूपमा आइन र उनले त्यो कालो भाँडा माझ्न सक्दिन भन्ने परिवारका सदस्यले ग्यासमा खाना पकाउन थाल्दछन्  जसले गर्दा शिक्षित र खानदानि परिवारबाट आएका महिलाहरूले आफ्नो गाउँमा र  घरमा केही परिर्वतन गर्दछ ।

वास्तवमा महिलाहरु सामाजमा अत्याचार दमन सहन बाध्य छन् ।सामाजिक न्यायको आधारमा महिलाको निर्णय अधिकार कम छ । मानव विकास प्रतिवेदन सन् २००१ ले नेपाल राज्यको लैङ्गिकता विकास सूचाङ्क क्रमशः समानतातिर अघि बढ्दै छ भनी उल्लेख गरेको छ तापनि लैङ्गिकताको आधारमा हुने विभेदले महिलाहरूलाई पैतृक सम्पत्तिमा, अंश, अपुताली, मोहियानी हक तथा अन्य सम्पत्ति सम्बन्धी कानुनका थुप्रै भेदभावपूर्ण व्यवस्थाले पुरूष प्रति आर्थिक परनिर्भता रहनु परेको छ । महिलाहरूको श्रमशक्ति मध्ये ८९% कृषिमा आबद्ध रहेका छन् तर कुल कृषि योग्य भूमिको ५% माथि मात्र महिलाको स्वामित्व रहेको छ । यी कारणबाट पनि समाजमा महिलाको आर्थिक स्थिति कमजोर र सधैँ पराजित रहेको हुन्छ । पुरूष वर्गलाई आफ्नी स्वास्नी जीवित छँदै वा लोग्ने स्वास्नी बीच सम्बन्ध विच्छेद नगर्दैको अवस्थामा समेत अर्को विवाह गर्न छुट प्रदान गरी कानुनतः प्रतिबन्धित बहु विवाहलाई प्रोत्साहित गरेको छ (संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, २००१) । तर महिलाहरु त्यस्तो अन्यायलाई सहन बाध्य हुनुपर्छ ।

सामाजिक न्यायको आधारमा महिलाको निणर्य अधिकार कम छ । निर्णय अधिकार एउटा महत्वपुर्ण पक्ष हो जसले परिवारको सदस्यहरुको सम्बन्ध मापन गर्न सहयोग गर्दछ । पुरुषले घर भित्र तथा बाहिर सबै कुराको निर्णय आफै गरेका हुन्छन तर महिलाले आफ्नो सामान्य व्यक्तिगत निर्णय गर्न पनि पुरुषहरुको भर पर्नु परेको हुन्छ । मानव विकास अनुसार महिलाहरु र पुरुषहरुलाई समान अधिकार प्रधान गर्नु नै सामााजिक न्याय हो र समस्याको निकास पनि हो ।

यस अध्ययनमा फाकफोकथुम गाउँपाालिका वडा नं.-५, लुम्देका बासिन्दाको बारेमा अध्ययन गरि यहाँ महिला र पुरुष बिच के कस्तो पक्षमा असमानता छ,निर्णय अधिकारको प्रभाव कत्तिको रहेको छ भन्ने जानकारीको लागी यो अध्ययन गरिएको । नेपालको कानुनले महिलाहरुलाई पुरुष सरह सम्पत्तिको स्वामित्व र बच्चाहरुको नागरिकता समेत आमाको

नामबाट बनाउने अधिकार दिएको छ जसको बारेमा त्यहाका मानिसमा खासै राम्रो जानकारी पनि नभएको र बच्चाको नागरिकता पनि आमाको नाममा नभएर बाबुकै नाममा भएको पाइयो ।

नेपाली समाजमा महिनावारी हुनु अघि छोरीलाई देवीको रूपमा पुजा गर्ने गरेको पाइन्छ । तर महिनावारी भएपछि पहिलो पल्ट महिनावारी भएपछि घरभित्र लुकाएर राख्ने, घाम, घरको धुरी, बुबा र दाजु भाईलाई हेर्नु हुन्दैन भनेर अरुको घरमा लगेर लुकाएर ७ दिन सम्म राख्ने चलन छ । जहाँ ७ दिनपछि गोदान गरेर मात्र छुन पाउने चलन छ जसको मुख्य कारण महिनावारी भएपछि महिलालाई अशुद्ध मान्ने परम्परागत सोच नै हो । यस्ता विभिन्न कारणले महिला पछि परेकाले त्यहाँका महिलाको अवस्था कस्तो छ , के के कारणले गर्दा महिलाको निणर्य अधिकार कम रहेको छ , महिलाहरु किन शसक्त हुन सकेनन भन्ने कुरा पत्ता लगाउन यस अनुसन्धानले मद्धत गर्दछ र त्यस्ता किसिमका कमि कमजोरी हटाई महिला विकासमा टेवा पुऱ्याउने र विभिन्न माध्यमबाट महिलालाई शसक्त बनाउन सहयोग पुऱ्याउन यो अध्ययन गरिएको हो । यस अध्ययनले निम्न प्रश्नहरुको उत्तर खाजेको छ ।

- फाकफोकथुम वडा नं. ५, लुम्देका महिलाहरुको आर्थिक, सामाजिक स्थिती के छ ?
- परिवारमा महिलाको अधिकार र भुमिका के कस्तो छ ?
- महिलाको निर्णय अधिकारमा प्रभाव पार्ने तत्वहरु के के छन् ?

## १.३ अध्ययनको उद्देश्य

इलाम जिल्ला फाकफोकथुम गाउँपालिका वार्ड नं.-५, लुम्देमा सिमित रहेर गरिने यस अध्ययनको उद्देश्यहरू निम्न रहेको छ :-

१. इलाम जिल्ला फाकफोकथुम गाउँपालिका वार्ड नं.-५, लुम्देका महिलाहरूको आर्थिक र सामाजिक स्थितिको लेखाजोखा ।
२. परिवारमा महिलाको अधिकार र भूमिकाको अध्ययन गर्ने ।
३. महिलाको निर्णय अधिकारमा प्रभाव पार्ने तत्वहरूको पहिचान गर्ने ।

## १.४ अध्ययनको महत्व

कुनै पनि विषय वस्तु अध्ययन गर्नु पछाडि त्यस विषयले आफैमा एउटा महत्वपुर्ण स्थान राख्दछ । हाल आएर महिलाहरुको सहभागिता विगत भन्दा केहि उपलब्धि मुलक पाईएता पनि ग्रामिण भेगमा खासै परिवर्तन आउन सकेको छैन । पितृसत्तात्मक परिपाटिभित्र जिवन व्यतित गर्ने यस इलाम जिल्ला फाकफोकथुम गाउँपालिका वार्ड नं.५, लुम्देका महिलाहरूको अवस्था तुलनात्मक रुपमाा फरक छ । परम्मपरा देखि नै महिलालाई दोस्रो दर्जाको रुपमा हेर्ने, खानपान,भेष भुषा, स्वतन्त्रता आदि पक्षमा महिला र पुरुष बिचमा फरक फरक व्यवहार रहेको पाईन्छ । यस क्षेत्रका महिलाहरुको घरायसि निर्णय अधिकार कस्तो छ र निर्णय अधिकारमा के ले प्रभाव पारेको छ भनि अध्ययन गरी महिलालाई सचेत गराउनु यस अध्ययनको महत्वपुर्ण पक्ष हो ।

## १.५ अध्ययनको संगठन

यसअध्ययनलाई जम्मा छ अध्यायमा विभाजन गरिएको छ, जसमा पहिलो अध्यायमा अध्ययनको परिचय अर्न्तगत घरायसि निर्णय अधिकार भनेको के हो भन्ने परिचयात्मक विवरण प्रस्तुत गरिएको छ । जसमा अध्ययनको समस्याहरु, अध्ययन के का लागि गरिएको भन्ने पत्ता लगाउन उद्देश्यहरु, अध्ययनको लागि त्यस क्षेत्र नै छानिनुको कारण, र अध्ययनको सिमाहरु बारे चर्चा गरिएको छ भने अन्त्यमा अध्ययनको संगठनको चर्चा गरिएको छ । दोस्रो अध्यायमा विभिन्न विद्धानहरुद्धारा महिलाहरुको सामाजिक, आर्थिक, राजनैतिक स्थितिका बारेमा गरिएका खोज ग्रन्थहरु अध्ययन गरि उपयुक्त बिषयवस्तुलाई समावेश गरिएको छ ।

त्यस्तै तेस्रो अध्यायमा अध्ययन गर्दा तथ्याङ्क संकलनको लागि अपनाइएका अनुसन्धान पद्धतिहरुको बारेमा चर्चा गरिएको छ । तथ्याङ्क संकलन गर्न सजिलो होस भनेर वर्णनात्मक र अन्वेशणात्मक विधि अपनाइएको छ । भने अध्याय चौंथो र पाँचौमा प्राप्त तथ्याङ्क विश्लेषण गरि त्यस बाट प्राप्त नतिजालाई तालिकामा प्रस्तुत गरि व्याख्या गएिको छ ।

अन्त्यमा छैटौ अध्यायमा महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक राजनीतिक र निर्णय अधिकारको अवस्थाहरुको साराशं तथा निष्कर्षलाई प्रस्तुत गरिएको छ र अन्त्यमा अध्ययन गर्दा प्रयोजन भएका सन्दर्भ सामाग्रीहरु र सोधका लागि प्रयोग गरिएको प्रश्नावलीहरु प्रस्तुत गरिएको छ ।

# अध्याय - दुई

# सन्दर्भ साहित्यको पुनरावलोकन

## २.१ साहित्यको पुनरावलोकन

नेपाली समाज परम्परादेखि नै सामाजिक, धार्मिक र सांस्कृतिक मुल्य मान्यताबाट विकसित हुदै आएको समाज हो । परम्परा देखि नै नेपाल पितृसत्तात्मक समाजको रुपमा रहेको छ । जसले गर्दा महिला र पुरूष बीच जैविक रूपमा फरक भएता पनि समाजले हरेक प्रकारका क्रियाकलापहरूमा महिला र पुरूषलाई फरक ढङ्गबाट व्याख्या र विश्लेषण गरेको पाइन्छ । जसले गर्दा महिला आफ्नो निर्णय गर्ने अधिकारबाट वञ्चित भएका छन् । सहरी क्षेत्रका र ग्रामीण क्षेत्रका महिलाहरूको बीचमा निर्णय गर्ने अधिकारदेखि लिएर आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक र घरायसी निर्णय गर्ने अधिकारमा समेत फरक पाइन्छ । जुनसुकै विषयवस्तुको अध्ययन अनुसन्धानको क्रममा पहिले त्यो विषयवस्तुको बारेमा के कति, कहिले, को बाट, कुन पक्षको बारेमा अध्ययन भएको छ भन्ने बारेमा अध्ययन हुनु आवश्यक छ । महिलाहरुको सम्बन्धमा पनि विभिन्न स्वदेशि तथा विदेशि व्यक्ति तथा संघ संस्थाहरुवाट कुनै दृष्टिकोणबाट अध्ययन भएको पाईन्छ ।

समाजमा महिलाहरू विभिन्न क्षेत्रबाट पिछडिएका हुनाले महिलाहरूको उन्नति र प्रगति गराउन विभिन्न समयमा सरकारी र गैर सरकारी क्षेत्रबाट व्यवस्थाहरू भए पनि ती व्यवस्थाहरूमा सीप विकास, परिवार नियोजन कार्यक्रम, व्यवसायिक विकास, तालिम, समाजिक सेवा तालिम आदि दिनुका साथै शिक्षा स्वस्थ्य र सीप विकास गराउन क्लव मार्फत कार्यक्रमहरू सञ्चालन भए जसले गर्दा महिलाहरुको क्षमतामा विकास भएको पाइन्छ (प्रधान, १९८०) ।

महिलावादी आन्दोलन तथा सिद्धान्तको विकासक्रमलाई हेर्दा सन् १८३० मा सर्वप्रथम अमेरिकी महिलाहरू दासताका विरुद्ध सङ्गठित भएर आवाज उठाएको पाइन्छ । औद्योगिक क्रान्तिपछि युरोप तथा अमेरिकी महिलाहरूले घर बाहिरका आम्दानी हुने क्षेत्रमा काम गर्ने वातावरणको सिर्जना भए पनि ज्याला, सम्मान तथा स्वतन्त्रताका सवालमा पुरूष सरहको व्यवहार प्राप्त हुन सकेको थिएनन् । विभिन्न समयमा महिला मुक्तिका लागि आन्दोलन चली नै रह्यो । तर सन् १९६० को दशकमा महिला आन्दोलन बढी सङ्गठित

हुन पुग्यो । यस समयमा उत्तरका महिलाहरू विशेषगरी एसिया र अफ्रिका शैक्षिक विभेद तथा काममा विभेदका विरुद्ध कानुनी अधिकारका लागि सङ्घर्ष सुरु गरे । अर्कातिर महिला विभेदलाई उठाएर पुस्तक, लेख रचनाहरू प्रकाशन हुन थाल्यो । जसले महिला विरुद्ध रहेका विभेद र दमनका विरुद्ध चेतना बढाउने कार्य गऱ्यो । महिला शिक्षा सम्बन्धित संस्थाहरू खुल्न थाले । महिलाहरुमा चेतना अभिवृद्धि हुँदै गएको र महिला अधिकारको विषयमा आवाज उठाउँदै आएको पाइन्छ । (श्रेष्ठ, २०६०) ।

समाजशास्त्रका पिता अगष्त कोंतले सामाजिक सम्बन्धको अध्ययन गर्ने सम्बन्धमा पुरूष केन्द्रित भएर व्याख्या गरेको पाइन्छ । जसमा उनले महिलालाई पुरूषका तुलनामा कमजोर र न्यून स्तर भएको ठान्छन् । जसको कारण महिलाहरू पुरूषको नियनत्रणमा छन् । फ्रान्सेली विकास र सु-व्यवस्थाका लागि पितृसत्तात्मक अधिकार र राजनीतिक तानाशाहीको आवश्यकता थियो भनी कोंतको भनाइ उल्लेख गर्दै ओलिनवेगर जेनमुरी एहेलेनले १९९२ मा लिखित 'महिलाको समाजशास्त्र' नामक कृतिमा उल्लेख गरेका थिए तर यस अध्ययन क्षेत्रका महिलाहरुको जीवन स्तरमा परिवर्तन हुँदै गएको पाइयो (श्रेष्ठ, २०६०) ।

यू.एस.ए.आई.डि.ले सामाजिक स्थिति सन् १९८१ मा पहिलो अध्ययन प्रकाशन गरेका "नेपालमा नारीको स्थिति" नामक एक अध्ययनले आठ अलग गाउँले समुदायका नारीको भूमिकाको विश्लेषण गर्दा नारीले भन्दा पुरूषले थोरै काम गर्ने तथा घरायसी आम्दानीमा र घरायसी निर्णयहरूमा पनि कम योगदान दिने कुरा औंल्याइयो तर नेपाली कानुन र परम्परा अनुसार जमीन, धन, सम्पत्तिमा छोराको बढी अधिकार हुने भएतापनि महिलाहरुको नाममा जमीन, धन, सम्पत्ति आर्जन र उपयोग गर्दै आएको पाइन्छ ।"

महिलालाई शसक्त बनाएर अगाडि बढाउने उद्देश्यले विभिन्न कार्यक्रमहरु ल्याईएका छन् । जसले गर्दा हाल महिलाहरुले पहिलेको तुलनामा केहि सक्षम र आत्मनिर्भरताको महसुस गरेको पाईन्छ । त्यहाका महिलाहरु अहिले सामान्य बचत गर्न थालेका छन् । विभिन्न संघ संस्थाले उनिहरुलाई अगाडि ल्याई केहि बोल्न, जान्न र केहि सिक्नका लागि प्रेरित गरेको छ । जसले गर्दा महिलाहरु केहि परेमा बोल्न सक्ने भएका छन् । सामान्य खर्च जुटाउन सक्ने भएका छन् । नेपाली नारीहरूलाई परम्परागत रूपमा नै अधिनमा राखिनु पर्ने नीति नियमहरू वने र महिलाहरूलाई स्वतन्त्र छोड्नु हुदैन भन्ने परिपाटीले मान्यता पायो नारी कुमारी छँदा बाबुको अधिन, युवती भएपछि पतिको अधिनमा

र बुढी भएपछि पुत्रको अधिनमा राखिनु पर्दछ भने अर्कोतिर आर्थिक नाकाबन्दी नगरी हुदैन तर यस अध्ययन क्षेत्रका महिलाहरुको सक्षम र आत्मनिर्भर हुँदै गएका, सामान्य बचत गर्ने बानिको विकास, आर्थिक रुपमा सक्षम हुँदै गएको पाइयो (स्कोप, २०५०) ।

"महिलाहरू जीवनका सबै पक्षहरूमा न्यूनतम अवसरहरूबाट वञ्चित भएको प्रतिविम्ब झल्किन्छ । सुविधाबाट वञ्चित समुदायका महिलाहरूको अवस्था भने अझ कहाली लाग्दो छ । सामाजिक परिसूचकका आधार उनीहरूको अवस्था त्यही समुदायभित्रका पुरूषहरूको अवस्थाभन्दा पनि अझ धेरै तल छ" (संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, २००१) ।

नेपाली समाजका महिलाहरूको भूमिका सम्बन्धी अध्ययन गर्दा विशेषगरी राणाकालीन समयका महिलाहरूको चर्चा परिचर्चा अत्यन्त महत्व का साथ उब्जीने गर्दछ । त्यस समयमा महिलाहरू माथि बोक्सी प्रथा, सती प्रथा, बाल-विवाह, बहु विवाह र अनमेल विवाह जस्ता प्रथाले महिलाहरूलाई अत्यन्त निरिह कमजोर, हेलित, र अपमानित बनाउँदै लग्यो, जसको कारण महिलाहरू कमजोर हँदै गए । यसको कारण महिलाहरू स्वयं छोरी भएर जन्मनु दुर्भाग्य बोझ झन्झट र दुःख हो भन्ने मनोवैज्ञानिक सोचाइ महिलाहरूमा विकसित भयो तापनि हाल महिलाहरुमा आएको चेतनाको विकाश, शिक्षा, स्वास्थ्य, रोजगरी लगाएतका कारणबाट महिलाहरु माथि बोक्सी प्रथा, सती प्रथा, बाल-विवाह, बहु विवाह र अनमेल विवाह जस्ता प्रथा समाजबाट विलय हुँदै गएको अवस्था छ (पोखे्रल, १९८२) ।

महिला कमजोर हुनुको कारण निर्णय प्रक्रियामा उनिहरुको भूमिका कम हुनु नै हो । महिला भएका कारण सामाजिक, आर्थिक र राजनीतिक कृयाकलापमा पछि परेकालाई अगाडि ल्याउने प्रकृया शसक्तिकरण हो । शसक्तिकरणको माध्यमले महिलालाई अगाडि मुल धारमा ल्याउन सजिलो हुन्छ जसले गर्दा उनीहरूले आफ्नो कर्तव्य र अधिकार के हो भन्ने कुरा सजिलैसँग बुझ्न सक्दछन् र आफ्नो व्यवहारमा लागु गर्न सक्दछन् । जसको मुख्य उद्देश्य महिला शक्ति सम्पन्न हुनु आत्मविश्वास युक्त, स्वचालित र स्रोतमा नियन्त्रण र सुसुचित हुनु हो । नेपाली परिप्रेक्ष्यमा महिलाहरू शिक्षाको अवसर नपाएका, निर्णय प्रक्रियामा नभएका र स्रोतमा पहुँच नभएका कारणले महिलाहरू पछि परेका छन् जसले गर्दा उनि पुरुष सरह सक्षम हुन सकेका छैनन् । (सुवेदी, २०५९)

"परिवारको हेरचाह तथा स्याहार सुसारको कार्यहरूमा मूलतः महिला जिम्मेवारी भित्र पर्दछन् । त्यस्तो तथ्याङ्क पद्धति जसले यी कार्यहरूलाई अनुत्पादक काममा वर्गीकरण गरि दिन्छ । त्यस्तो पद्धतिले स्वतः महिलाहरूलाई आर्थिक रूपले पराश्रित श्रेणीमा राखि दिन्छ । यो महिलाको दृष्टिकोणबाट कुनै पनि रूपले स्वीकार्य हुन सक्दैन किनकि यसले महिलाको आर्थिक उपयोगितालाई नकार्दछ" ( Acharya 2003) गाउका महिलाहरु दिनमा १४ घण्टा काम गर्छन तर उनिहरुको कामको महत्व दिइदैन ,उनिहरुको काम उत्पादनहिन कामको रुपमा लिइन्छ । तर पुरुषहरु घर बाहिरको काम जुन आर्थिक उपार्जन हुने काम ६/७ घण्टा गर्दछन र उनिहरु आफैलाई मात्र गाह्रो भएको बताउदछन र घरमा पनि आफ्नै अधिकारको हावि गर्दछन ।

"महिला एकल वा पुरूष दुवै मिलेर गर्ने निर्णय होस् यो सम्भव छ । महिलाहरू सामान्य शिर झुकाएर श्रीमानको निर्णयलाई सम्बोदन गर्दछन् कि प्रश्न । सामान्यतया उनीहरूको भनाइ महिलाले अस्विकार गर्न सक्दैनन् किनकि पुरूषहरू पूर्ण रूपमा बढी ज्ञानि, सीप र निर्णय गर्ने क्षमता छ भन्ने कुरामा विश्वस्त हुन्छन्" (भासीन, १९९५) । महिलाहरुले पुरुषले भनेको मान्नु पर्ने, विहान उठनासाथ ढोग्ने र खुट्टाको पानी खाने गर्दछन र श्रीमानले नखाइ खाना खान समेत नहुने पितृसत्तात्मक समाजमा महिलालाई हेपाईको दृष्टिकोणबाट हेरिएतापनि यस अध्ययन क्षेत्रका महिलाहरुको अवस्था यो भन्दा माथि उठेको पाइन्छ ।

"महिलाले विवाह पश्चात् श्रीमानको जुठो, गोडाको पानी खानु पर्ने, ऊ सधैं घर परिवार र श्रीमानको निगरानीमा रहन्छे । यदि उसले परपुरूषसँग बोलेमा त्यसलाई नकारात्मक दृष्टिकोणबाट हेर्ने चलन छ । त्यस्तै गरेर घर पोत्ने, श्रीमानको सु-स्वस्थ्य एवं दीर्घायुको कामना गर्दै व्रत बस्ने, अविवाहित महिलाले राम्रो श्रीमान प्राप्तीको लागि व्रत बस्ने चलन छ । यसरी समग्रमा भन्नुपर्दा सामाजिक, आर्थिक, सांस्कृतिक सबै दृष्टिकोणमा महिलाहरूको स्थान पिछडिएको पाउन सकिन्छ । नेपाली समाज पितृसत्तात्मक सोचबाट अगाडि बढेको पाइन्छ । " (Bennet, 2010) .

"विगत पाँच वर्ष यता सरकारले महिलालाई प्रत्यक्ष लाभ हुने शीर्षकको रूपमा बढाउँदै लगेको छ तर व्यवहारमा महिला सरोकारका विषयमा विनियोजन गरेमा रकम कार्यान्वयनमा त्यही अनुपातमा जान र उपभोग हुन सकेका छैनन् (सुवेदी, २०६८)

महिलाले गरिने घरभित्रको कामको कुनै मुल्याङ्कन गरिदैन । पुरुषले घर बाहिर गर्ने विभिन्न आर्थिक क्रियाकलापहरुको लेखाजोखा गरिन्छ । महिलाले घरमा हस्याङफस्याङ गर्दै गरेका हरेक काम रक्षाने काम भनि होच्याइन्छ । जति काम गरे पनि घरायसि निर्णयमा अधिकार रहदैन वा पुरुषले पनि कुनै कुराको निर्णय गर्न दिदैनन् । जसले गर्दा सामान्य चुराधागो देखि दानदक्षिणा दिनु पर्दा पनि हात फैलाउनु पर्ने हुन्छ ।

“आर्थिक पक्षमा महिलाहरूको स्थानलाई अगाडि बढाउने हो भने उनीहरूले समाजमा सम्मानपूर्ण जीवन बाँच्न पाउँछन्, उनीहरूले आफूमा आत्मनीर्भर भएर बाँच्न सक्षम हुन्छन् । आर्थिक रूपमा महिलालाई पनि स्वतन्त्रता दिने वा पैतृक सम्पत्तिमा महिलाहरूको पनि समान हक हुने हो भने उनीहरूले पनि पारिवारिक दायित्व पूरा गर्न सक्छन् । सामाजिक, सांस्कृतिक रूपमा पनि उनीहरू सक्षम हुन्छन् , जसले गर्दा सामजिक र सांस्कृतिक परिवर्तन भई समाजमा महिलाहरूलाई हेर्ने दृष्टिकोणमा नै परिवर्तन भई समाज विकासमा ठूलो मद्दत पुग्दछ भन्ने तथ्य यस अध्ययनले देखाएको छ । त्यस्तै यस अध्ययनले तराईको समस्यालाई पनि देखाएको छ । कम दाइजो दिँदा छोरीको हत्या गर्ने, घर निकाला गर्ने जस्ता तराईको समस्यालाई पनि यस अध्ययनले देखाएको छ  यस्ता तथ्यबाट पनि छोरा र छोरीमा अंश हकमा कस्तो व्यवस्था हुनुपर्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ तर यस अध्ययन क्षेत्रका महिलाहरुको जीवन स्तरमा वृद्धि हुँदै गएको पाइन्छ ” ( सञ्चारिका समूह नेपाल, २००१) ।

शिक्षा एउटा दियो हो, जसले अन्धकारलाई हटाइ उज्यालो वनाउँदछ । एक पुरुषका शिक्षा त्यही व्यक्तिलाई नै हो भने नारी शिक्षा त्यस्तो दियो हो, जसले सम्पूर्ण परिवारलाई नै उज्यालो वनाउँदछ । त्यसकारण महिलाहरूको लागि शिक्षा नितान्त आवश्यक हुन्छ । महिलाहरूको शैक्षिक स्थितिलाई हेर्दा पहिलेको तुलनामा अहिले महिला साक्षरतादर वढेको छ तर औषतमा हेर्दा अझै पनि शैक्षिक दर न्युन देखिन्छ जसले महिलाको आर्थिक, सामाजिक, साँस्कृतिक अवस्थालाई जनाउछ (आचार्य,१९९७) ।

नेपाली समाजमा भएको पुरुष र महिला बीचको असमान व्यवहारले मलजल पाउनुमा पुरुषको सँगसँगै अशिक्षीत र अचेतनशील मध्यम वर्गीय नेपाली परिवारमा कुशल गृहणी वा असल स्वास्नी मानिसको एउटा स्वरुप वा खाका तयार गरिएको पाइन्छ । असल संस्कारयुक्त चरित्रवान कुलीन व्यावहारिक त्यस्ता महिलालाई भनिन्छ । जसले घरेलु हिंसाका

विरुद्धमा कुनै आवाज उठाउँदैनन् सम्पत्तीको बाँडफाँड र आर्थिक कारोवारमा विशेष चासो राख्दैनन् र मौन बस्दछन् (पौडेल, २०६७) ।

निर्णय प्रक्रियामा महिलाहरूको सहभागिताले त्यस परिवारमा महिलाहरूको स्थान कस्तो छ भन्ने वुझाउँछ । जतिवढी पारिवारीक क्रियाकलापमा महिलाहरूको सहभागिता हुन्छ त्यति न राम्रो स्थान त्यस परिवारमा महिलाको रहेको हुन्छ । तर हाम्रो सर्न्दभमा निर्णय प्रक्रियामा महिलाहरूको भूमिका एकदमै न्यून रहेको देखिन्छ किनकि महिलाहरू अशिक्षित र आय स्रोतको मामिलामा कम संलग्न छन् । नेपाल एउटा पूरुष प्रधान देश हो । जहाँ महिलाहरूलाई निर्णय गर्ने अवसर कम दिइएको छ । अझ महिलाहरूले श्रीमान, सासु र ससुरा नभएको बखतमा वा गाउँ घर छोडेर टाढा गएको अवस्थामा मात्र निर्णय गर्ने गर्दछन् । अनुत्पादनशील काम जस्तो घर सफा सुग्घर राख्ने, कुन बाली कहाँ लगाउने, मल कति हाल्ने जस्ता निर्णयहरू महिलाहरूले गर्ने गरेका हुन्छन् भने उत्पादनशील काममा र नगद निर्णय गर्ने कार्यमा पुरुषहरूको बढी संलग्नता हुन्छ । त्यसकारण आर्थिक मामिलामा निर्णय गर्ने सर्न्दभमा महिलाहरूको भन्दा पुरुषहरूको योगदान बढी हुन्छ जसले महिलाको आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा कस्तो भूमिका हुन्छ भन्ने कुरालाई जनाउँदछ (शर्मा, २०५४) ।

हाम्रो जस्तो पितृसत्तात्मक समाजमा विशुद्ध गृहणी महिलाले मुख खोलेको धेरै रुचाउँदैनन् । कुनै विषयमा आफ्नो राय व्यक्त गरेमा जान्ने भएकी, लोग्ने मानिस छँदा छँदै ट्वाक्क बोल्ने भनेर आक्षेप लगाइन्छ । घर गृहस्थीको कुनै कुनै समस्यामा पति पत्निको बीचमा बहस र छलफल हुँदा पत्नीले बोले त्यहाँ उपस्थित जमात्ले मुख हुँदाहुँदै नाकले खाने भन्ने राय पनि व्यक्त गर्दछन् (पौडेल, २०६७) ।

## २.२ शैद्धान्तिक समिक्षा

महिलावादका सम्बन्धमा विभिन्न विचार, अवधारणा उपागम तथा सिद्धान्तहरु देखा परेका छन् । यी मध्ये समसामयिक महिलावादी सिद्धान्तले सामाजिक जीवन र मानवीय अनसभवहरुको विकासका क्रममा देखा परेका व्यापक तहका विचाहरुलाई महिला केन्द्रित दृष्टिबाट प्रष्टउने प्रयास गरेको छ । वास्तवमा महिलावादी सिद्धान्त महिलाकेन्द्रित छ, जसलाई निम्न लिखित तीनवटा आधारबाट प्रष्टाउन सकिन्छ :

- समाजमा महिलाका अवस्था र अनुभवहरुको अनुसन्धान गर्नु, अनुसन्धानको उद्देश्य र सम्पूर्ण अनुसन्धानको प्रारम्भिक विन्दु महिला नै रहनु ।
- यसले अनुसन्धान प्रक्रियाको केन्द्रिय विषयका रुपमा महिलालाई जोड दिन्छ, यसले सामाजिक विश्वलाई महिलाको फरक दृष्टिबाट हेर्ने प्रयास गर्दछ ।
- महिलावादी सद्धिान्त महिलाको चुनौती र सक्रियताको प्रतिनिधित्व गर्ने सिद्धान्त हो, जसले महिलाका लागि सुन्दर संसार निर्माण गर्न सोजिरहेको छ ।

महिलावादी सिद्धान्तका प्रकारहरु मुलतः निम्न लिखित तीन आधारभूत प्रश्नहरुमा आधारित रहेका छन् :

१. महिलाको बारेमा के त ?

२. महिलाको अवस्था किन यस्तो छ ?

३. महिलाहरुको बीचमा हुने फरक बारेमा के त ?

महिलाका बारेमा के त ? भन्ने प्रश्नको उत्तरमा महिलाको अवस्था अनुभव र स्थान पुरुषको भन्दा फरक रहेको छ । दोस्रो प्रश्नको उत्तर हो महिलाको अवस्था पुरुषको भन्दा फरक मात्र नभई कम विशेषाधिकार युक्त छ अथवा पुरुषको भन्दा असमान छ । पहिलो प्रश्नको उत्तर सांस्कृतिक महिलावाद, जैवकिय महिलावाद, सामाजिक मनोवैज्ञानिक व्याख्या र संस्थागत सामाजिकीकरणको व्याख्या अर्थात लैंगिक विभिन्नताको सिद्धान्तद्वारा व्याख्या गर्ने प्रयास गरिएको छ  दोस्रो प्रश्नको व्याख्या लैंगिक असमानतको सिद्धान्तः मार्क्सवादी र उदार महिलावादी कोणबाट गरिएको छ । तेस्रो प्रश्न भनेको महिलाबीचमा रहेको फरक बारेमा के त ? यसको  उत्तर हो, महिला र पुरुष बीचमा रहेको प्रत्यक्ष शक्ति सम्बन्धबाट महिलाको अवस्था बुझ्नु पर्दछ । महिलाहरु उद्यमि भएका छन्, उनीहरु पुरुषद्वारा नियन्त्रित गरिएका, अधिनमा राखिएका, प्रयोग गरिएका, दुर्व्यवहार, च्यापिएका छन् । मनोविश्लेषणत्मक महिलावाद, आमूल महिलावाद, सामाजिमक महिलावादले तेस्रो प्रश्नलाई सम्बोधन गर्ने प्रयास गरेका छन् । महिलाको फरकपना, असमानता, दमनको अनुभव समाजमा रहेको अवस्थ अनुसार पृथक हुन्छ । स्तरीकृत व्यवस्थापन अर्थात दमन र विशेषाधिकारका वाहकहरु वर्ग, प्रजाती, जनजातीयता, उमेर, स्नेह/मायाको प्राथमिकता वैवाहिक हैसियत, विश्वव्यापी स्थान अनुसार फरक, असमान र दमित रहेको हुन्छ । (पोखरेल २०७४)

## २.३ असमानतको सिद्धान्त

लैंगिक असमानताको सिद्धान्त पश्चिमी एवम् पूर्वीय सगतमा समेत लोकप्रिय रहेको छ अर्थात उत्तर र दक्षिणका देशहरुमा यस सिद्धान्तलाई महिलावादीहरुले बढी जोड दिएका छन् । समाजमा विद्यमान विद्यमान विभिन्न किसिमका असमानतालाई यस सिद्धान्तले जोड दिएको छ । यस सिद्धान्तका अनुसारसमाजमा महिलाको अवस्था, अनुभव स्थिती पुरुषको भन्दा असमान छ । सामाजिम संरचनाले यस्तो स्थिती सिर्जना गरेको हो ।

## २.४ लैंगिकताको सिद्धान्त

लैंगिक शब्द महिला र पुरुषको सामाजिक पक्ष सँग सम्बन्धित छ । यसले महिला र पुरुषले के गर्दछन, के अनुभव गर्दछन, समाजमा तिनीहरुको सम्बन्ध र भूमिका कस्तो छ भन्ने बुझाउँछ । समाज तथा परिवारमा महिला र पुरुषले सामाजिकीकरण प्रकृया अनुसार विभिन्न कुराहरु सिक्दछन् । समाज थत संगठनमा कस्तो व्यवहार गर्ने भन्ने बारे जान्दछन् । सामाजिक व्यवहारहरु सधैभर निश्चित हुँदैनन्, समय, परिस्थितिका साथैसामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक पक्षहरुद्वारा प्रभावित हुन्छन् । विभिन्न देश, समाजका महिला र पुरुषले परिवार, समुदाय, समाज अर्थात निजी र सार्वजनिक क्षेत्रमा एउटै काम गर्दैनन् । एक ठाउँका महिला कृषि तथा निर्माणमा कार्यमा लागेका हुन्छन् भने अर्को ठाउँका महिला उद्योग तथा व्यवसायिक क्षेत्रमा लागेका हुन्छन् । त्यसैगरी एक ठाउँका पुरुष कार्यालय सम्बन्धी कार्यमा संलग्न रहेका हुन्छन् भने अर्को ठाउँको पुरुषले व्यवसायिक, खानी, कृषि कार्य गर्दछन् । कतिपय ठाउँमा पुरुषले भान्सा तथा कपडा धुने गर्दछन् भने अर्को ठाउँका पुरुषले त्यस्तो काम कहित्यै गर्दैनन्  र आफ्नो काम ठान्दैनन् । कतिपय ठाउँका संघ संगठन, तथा सार्वजनिक कार्यक्रममा महिला  पुरुष दुवै सहभागी हुन्छन्, छलफल गर्दछन् , निर्णय गर्दछन् भने अर्को ठाउँका महिला घरका पुरुष अर्थात नातेदार बाहेक अन्य पुरुष सँग बौल्दैनन् । यसरी समाज, जात, वर्ग उमेर समूहअनुसार महिला र पुरुषका प्रवृत्ति, व्यवहार , मुल्य मान्यता फरक रहेका छन् । महिला र पुरुषका यिनै मूल्य, मान्यता, व्यवहार आदिलाई नै लैंगिता भनिन्छ । (पोखरेल २०७४)

लैंगिक भनेको समाज, समुदाय तथा सामाजिक-सांस्कृतिक इकाइहरुद्वारा महिला पुरुषले सम्पादन गर्ने भनी निर्धार गरेका काम, कर्तव्य, जिम्मेवारीहरु हुन् । पुरुष र महिला भएको कारण उनीहरुबाट समाजले अपेक्षा राखेको भूमिकाहरु हुन् । महिला र पुरुषले गर्ने

सामाजिक सांस्कृतिक , आर्थिक मनोवैज्ञानिक, राजनीतिक भूमिका, मूल्य, मान्यतालाई लैंगिक भनिन्छ । लैंगिक प्राकृतिक नभएर समाजद्वारा नियोजित भूमिका, मूल्य, मान्यता, जिम्मेवारीको समुच्च रुप हो । लैंगिक सामाजिकीकरण प्रकृयाको उपज हो । परिवार तथा समुदायमा छोराछोरी बीच गरिने सामाजिककीकरण प्रकृयाको प्रतिफल हो । उदाहरणका रुपमा परम्परागत समाज छोरी नम्र, लज्जालु, घरायसी काममा पोख्त हुनुपर्ने आदि कुरा सिकाइन्छ भने आधुनिक सामज छोरीमा यो गुणहरु हुनु पर्दछ भन्ने जरुरत छैन । परम्परागत समाजमा ग्रामिण छोरीलाई सानै देखि घाँस काट्ने, डोको, हँसिया, पुतली घाडाकुँडा खेलाउन दिइन्छ भने छोरालाई यस्ता किसिमका खेलौना दिइदैन । बाबुआमाले छोरालाई बन्दुक, गाडी, हवाइजहाज जस्ता खेलौना ल्याइदिन्छन् । यसरी बच्चै देखि छोराछोरी बीच गरिने विभेदपूर्ण सामाजिकीकरणका व्यवहारले गर्दा उनीहरुले पछि फरक फरक लैंगिक भूमिका निर्वाह गर्दछन् । (पोखरेल २०७४)

लैंगिक भूमिका सामाजिक सांस्कृतिक आर्थिक पारिवारिह इकाइका साथै कला, साहित्य, संगितमा समेत समावेश भएको हुन्छ । गीत, उपन्यास, कथा आदिको माध्यमबाट महिला र पुरुषले आफ्नो फरक फरक जीवनशैली, अनुभवर भविष्यमा के हुने, कस्तो बन्ने भन्ने अपेक्षा व्यक्त गर्दछन् । समाज, संस्कृति र समुदायले महिला र पुरुषको भविष्यको भूमिका निर्धारण गर्दछन् । वास्तवमा मूल्य, मान्यताहरु, आर्दश, विचार, विश्वास, परम्परा, शैक्षिक तथा आर्थिक प्रणाली, पारिवारिक सम्बन्ध, कानूनी तथा धार्मिक संरचना र सम्बन्ध विभिन्न स्रोत साधनमा महिला र पुरुषको नियन्त्रण र पहुँच, अन्य भूमिका जिम्मेवारी वा उत्तरदायित्वहरु आदि  लैंगिक भूमिका सँग सम्बन्धित छन् । यी पक्षहरुमा महिला र पुरुषको असमान सामाजिकीकरण प्रकृयाले गर्दा उल्लिखित पक्षहरुमा महिला र पुरुषको सम्बन्ध दृष्टिकोण फरक फरक रहेको हुन्छ । महिला र पुरुषबीच जे जस्ता गुण भएपनि यिनीहरु समाजले निर्धारण गरेका कार्य गर्दछन् । (पोखरेल २०७४)

मानव समाजमा लैंगिक सर्वव्यापी रहेको छ । भाषा, नातेदारी, धर्म, प्रविधि जस्तै लैंगिक पनि मानव संस्था हो । लैंगिकले मानिसको सामाजिक जीवनलाई साँस्कृतिक ढाँचा अनूरुप संगठित गर्दछ । यसले दैनिक जीवनका सामाजिक सम्बन्धहरुका साथै मुख्य सामाजिक संरचनाहरुलाई संगठित गर्दछ । लैंगिक सूक्ष्म संरचना र लैंगिक बृहत संरचनाले एक अर्कालाई प्रोत्साहित गर्दछन् । एक अर्काको पुनर्उत्पादन गर्दछ । त्यसैगरी समाजमा एक

व्यक्तिले लैंगिक नियमअनुसार काम गर्दछ । यसले व्यक्तिको शक्ति, हैसियत, सम्मान इज्जत, औकात निर्धारण गर्दछ । लैंगिक स्थिर हुँदैन यो परिवर्तनशील छ । (पोखरेल २०७४)

## २.५ मार्क्सवादी दृष्टिकोण

कार्ल मार्क्साद्धारा प्रतिपादित सामाजिक सिद्धान्तलाई उनकै नामसँग जोडेर मार्क्सवादी सिद्धान्त भन्ने गरिन्छ । सामाजिक स्तरीकरण एक महत्वपूर्ण सामाजिक विषयवस्तु भएकाले मार्क्सवादी सिद्धान्तमा सामाजिक स्तरीकरणका बारेमा व्याख्या गरिएको छ ।

मार्क्सवादी दृष्टिकोमा सामाजिक स्तरीकरण विभाजनकारी संरचना हो र यसमा एक पक्ष वा वर्गले अर्को पक्ष वा वर्ग माथि शोषण गरिरहेको हुन्छ । सबै स्तरीकृत समाजमा शासक वर्ग र शासित वर्ग हुन्छन् भन्ने मार्क्सवादी मान्यता रहेको छ ।(पोखरेल २०७४)

मार्क्सवादका अनुसार शासक  वर्गको शक्ति उत्पादनका साधनहरुको नियन्त्रण र स्वामित्वबाट जन्मिन्छ । शासक वर्गले शासित वर्गमाथि दमन र शोषण गरेर आफ्नो स्वार्थ पूरा गर्दछ । यसका लागि शासक वर्गले विभिन्न प्रकारका कानूनी र राजनीतिक व्यवस्थाहरुको विकास गरेको हुन्छ । शासित वर्गको पनि आफ्नै वर्गीय स्वार्थ हुन्छ । अतः स्तरीकृत समाजमा स्वार्थहरुको द्धन्द्ध हुन्छ । (पोखरेल २०७४)

मार्क्सवादी दृष्टिकोणमा स्तरीकरणका व्यवस्थाहरु सामाजिक समूहहरुको उत्पादनका साधनसँगको सम्बन्धका आधारमा विकास हुन्छ । वर्ग भनेको उत्पादनका साधनहरु सँग एकै प्रकारका सम्बन्ध राख्ने सामाजिक समूह हो ।  (पोखरेल २०७४)

सामन्तवादी समाजमा भूमि उत्पादनको साधन हुन्छ । त्यस समाजमा भूमि सँगको सम्बन्धको आधारमा वर्गको निर्धारण हुन्छ । सामन्ती कुलीन वर्गसँग जग्गाको स्वामित्व हुन्छ । कृषि मजदुर सँग जग्गाको  स्वामित्व हुँदैन, यो वर्ग जग्गामा श्रम गर्छ र उत्पादन गर्दछ । (पोखरेल २०७४)

पुँजीवादी समाजमा उद्योग, कलकारखाना आदि उत्पादनका साधन हुन्छन् । यस्तोसमाजमा तिनै उत्पादनका साधनसँगको सम्बन्धको आधारमा वर्गको निर्धारण हुन्छ । बुर्जुवा वा पुँजीपति वर्ग सँग उद्योग, कलकारखाना आदिको स्वामित्व हुन्छ । सर्वहारा वा मजदुर वर्ग सँग उद्योगको स्वामित्व हुँदैन, श्रम मात्र हुन्छ र उद्योगमा श्रम बेचेर उत्पादन गर्दछ । (पोखरेल २०७४)

मार्क्सवादी दृष्टिकोणमा आदिम साम्यवादी समाजमा वर्गको अस्तित्व थिएन । यतिबेलाको समाज समाजवादी उत्पादन ढाँचामा आधारित थियो । उत्पादनका लागि पुरुषहरु सिकार महिलाहरु खानेकुरा संकलन गर्थे र उत्पादनका वस्तु सबै बाँडेर उपयोग गर्दथे । यसरी यस समाजमा उत्पादनका साधनमाथि समाजका सबै सदस्यको एकै प्रकारको सम्बन्ध थियो । यसरी यस चरणमा समाज वर्ग विहिन थियो । (पोखरेल २०७४)

दासमूलक समाजमा उत्पादनका साधनमाथि व्यक्तिगत स्वामित्वको उदय भयो । यस चरणमा उत्पादनको साधन पशुपालन हो । यस चरणमा पशुपालनको स्वामित्व मालिक सँग थियो र दासहरु पशुको रेखदेख गरेर जीविकापार्जन गर्ने अवस्थामा थिए । (पोखरेल २०७४)

सामन्तवादी समाजमा भूमि उत्पादनको साधन भयो र भूमिपतिको भूमिमाथि स्वामित्व रहयो भने भूमिहीनले भूमिमा श्रम गरेर उत्पादन गरी जीविको पार्जन गर्ने गर्दछन् । (पोखरेल २०७४)

समाजको उत्पादनको क्षमता गुजाराको अवस्थाभन्दा माथि उठेपछि उत्पादन प्रक्रिया मुनाफा/पुँजी आर्जनतर्फ उन्मुख भएपछि पुँजीवादी समाजको उदय हुन्छ  र वर्गहरुको पहिचान स्पष्ट हुन पुग्दछ भन्ने मार्क्सवादी सिद्धान्तको मान्यता रहेको छ । पुँजीवादी समाजमा पुँजीपति वर्गको उत्पादनका साधनमाथि स्वामित्व हुन्छ र मजदुर वर्गले श्रम बेचेर वस्तु तथा सेवाको उत्पादन गर्दछ । (पोखरेल २०७४)

मार्क्सवादका अनुसार, सामाजिक वर्गहरु बीचको सम्बन्ध पारस्पारिक निर्भरता र द्धन्द्धमा आधारित हुन्छ । त्यसले पुँजीवादी समाजमा पुँजीपतिवर्ग र मजदुर वर्गका बीचमा परस्पर निर्भरता पनि हुन्छ, द्धन्द्ध पनि हुन्छ । बाँच्नका लागि कामदार वर्गले श्रम बेच्नु पर्दछ । उसको श्रम किन्न पुँजीपति वर्ग त्रेताका रुपमा रहन्छ । त्यस्तै वस्तु/सेवा उत्पादनका लागि पुँजीपति वर्गलाई श्रमको आवश्यक पर्दछ । त्यो श्रम शक्ति उसले श्रमिकबाट प्राप्त गर्दछ । यसरी दुवै वर्ग बीचमा सम्बन्ध हुन्छ तर यो सम्बन्ध समानतामा आधारित हुँदैन, यो सम्बन्ध शोषक र शोषित, दमनकर्ता र दमितका बीचको सम्बन्ध हो । यसरी यी दुई वर्गको वर्गीय स्वार्थ मिल्दैन र त्यसैले यिनीहरुका बीचको सम्बन्ध द्धन्द्धमा आधारित हुन्छ । ( पोखरेल २०७४)

मार्क्सदावीका अनुसार पुँजीवादी अर्थव्यवस्थाका विविध आयामहरु हुन्छन् । पुँजी भनेको मुद्रा हो । पुँजीलाई वस्तुको उत्पादनमा लगाइन्छ । पुँजीवादी अर्थव्यवस्थामा श्रम शक्ति, कच्चा पदार्थ रमेसिनहरु आवश्यक पर्दछन् र यिनीहरुलाई मौद्रिक मूल्य दिएको हुन्छ । वस्तुहरु उत्पादन गर्न जनि मौद्रिक मूल्य लाग्छ, वस्तुलाई त्यो मौद्रिक मूल्यभन्दा बढीमा बेचिन्छ र मुनाफा कमाइन्छ । बढी मुनाफा प्राप्त गर्न वस्तु उत्पादनमा लागत खर्च घटाउनु पर्छ । यसका लागि श्रमिकको श्रम कम मूल्यमा किन्नुपर्छ र उत्पादित वस्तु बढी मूल्यमा बेच्नुपर्छ । मार्क्सले भनेकै छन् मुनाफा जनसंख्याको ठूलो हिस्सा वा श्रमजीवि वर्गको शोषणबाट आर्जन हुन्छ । (पोखरेल २०७४)

मार्क्सका आधार संरचना र उपरी संरचनाको चर्चा गर्दछन् । आधार संरचना भनेको आर्थिक क्रियाकलापहरु हुन् । उपरी संरचना भनेको सामाजिम मूल्य मान्यता, विश्वास, धर्म, प्रवृत्ति, संस्कार, कला, साहित्य, कानून राजनीति आदि हुन् । उपरी संरचना आधार संरचनामा आधारित हुन्छ । पुँजीवादी अर्थव्यवस्थामा अर्थ उपार्जनका साधानहरु पुँजीपति वर्गको नियन्त्रणमा हुने भएकोले समाज विकासको यस चरणमा धर्म, विश्वास, राजनीति, कानून साहित्य आदि जस्ता उपरी संरचना पनि पुँजीपति वर्गको स्वार्थअनुकुल हुन्छन् । ( पोखरेल २०७४)

मार्क्स वर्गीय द्वन्द्वलाई समाज परिवर्तनको शक्ति मान्दछन् । यी भन्छन्- समाजको आजसम्मका इतिहास वर्ग संघर्षको इतिहासमा आधारित छ । पुँजीवादी समाजलाई रुपान्तरण गर्ने वर्ग संघर्ष अगाडिका वर्ग संघर्ष भन्दा गुणात्मक रुपमा नै फरक र उन्नत स्तरको हुन्छ । यो संघर्ष सबै किसिमका विभेद र शोषणको विरुद्धमा हुन्छ । यसले निजी सम्पत्तिलाई सामुदायिक बनाउँछ । यस संघर्षपछि उत्पादनका साधनहरुमा समुदायको स्वामित्व स्थापित हुन्छ भन्ने मार्क्सवादी मान्यता रहेको छ । (पोखरेल २०७४)

यसरी मार्क्सवादले सामाजिक स्तरीकरणलाई विभाजनकारी संरचनाका रुपमा अर्थ्याएको छ र यस प्रकारको सामाजिम संरचनामा एउटा पक्ष वा वर्गले अर्को पक्ष वा वर्गमाथि शोषण गर्दछ भन्ने विश्लेषण गर्दछ । सवै स्तरीकृत समाजमा शासकवर्ग र शासितवर्ग हुन्छन् भन्ने मार्क्सवादको मान्यता रहेको छ । (पोखरेल २०७४)

## २.५ वेबरवादी दृष्टिकोण

म्याक्स वेबर विख्यात् सामाजिक विचारक हुन् । यिनले आफ्नो कृतित्व, अध्ययनशीलता, चिन्तनशीलता, बुशाग्रबुद्धि र मौलिकताको बलले समाजशास्त्रको इतिहासमा अविस्मरणीय स्थान प्राप्त गरेका छन् । समाजशास्त्रमा यिनको योगदन अत्यधिक महन्वपूर्ण छ । (पोखरेल २०७४)

म्याक्स वेबरको जन्म २1अप्रिल, सन् १८६४ को बर्लिनको एक सम्पन्न प्रोटेस्टेड परिवारमा भएको थियो । उनको पिताले एक चर्चित राजनीतिज्ञ, उदारदलको प्रमुख नेता र न्यायाधीशको भूमिकासमेत निर्वाह गरेका थिए । पारिवारिक वातावरणकै कारणले म्याक्स वेबर प्रारम्भदेखि नै राजनीति  र अर्थशास्तका प्रसिद्ध विद्वान्को सम्पर्कमा आए । यिनले कानुन र अर्थशास्त्रको गहन अध्ययन पनि गरे । हिडलबर्ग र बर्लिन प्रारभ्कि शिक्षा प्राप्त गरेर सन् १८८५ मा यिनले कानूनविद्को उपाधि प्राप्त गरे । एक समय यिनी सैनिक सेवामा प्रविष्ट पनि भएका थिए । (पोखरेल २०७४)

वेबरले अर्थशास्त्रमा डक्तरेटको उपाधि प्राप्त गरेका हुन् । यिनको शोध-प्रवन्धको विषय थियो -हिस्ट्री अफ ट्रेडिङ कम्पनीज् इन दि मिडिल एजस् । अर्थशास्त्रमा डक्टरेट परेपछि म्याक्स वेबरको ध्यान स्वाभाविक रुपमा अर्थशास्त्रीय अध्ययन तर्फ केन्द्रित रहन पुग्यो । (पोखरेल २०७४)

वेबर बहुमुखी प्रतिभा हुन् । आफ्नो प्रतिभाको बलमै यिनी ज्ञानको प्रत्येक क्षेत्रका लागि सुयोग्य र समर्थ बन्न सकेका हुन् । प्रारम्भमा यिनले बर्लिन विश्वविद्यालयमा एक महत्वपूर्ण पदमा नियुक्ति पाएका थिए । सन् १९९० मा यिनी गम्भिर किसिमले विरामी भएका थिए र लामो अवधिसम्मको अस्वस्थताकै कारण यिनले आफ्नो त्यो पद छोड्नु पर्‍यो । लगभग चार वर्षसम्म वेबर अस्वस्थ नै रहेका थिए । यस समयावधिमा पनि यिनलृ आफ्नो अध्ययन र अनुसन्धान जारी नै राखेका थिए । अध्ययन र अनुसन्धानमा आधारित यिनका लेखहरु सोसल रिसर्च एण्ड सोसल पोलितिक्स नामको पत्रिकामा प्रकाशित भएका थिए ती लेखरचनाले बौद्धिक जगतमा पर्याप्त चर्चा प्राप्त गरेका थिए । (पोखरेल २०७४)

वेबर व्याख्यात्मक समाजशास्त्रका मुख्य प्रर्वतक हुन् । यिनले बोधविधिलाई स्थापित गरी समाजमा व्यक्तिको व्यवहर र क्रियाकलापको अर्थ र आशयको व्याख्या गरेका छन् । सन् १९२० मा प्रोफेसरको गहन पदमा कार्य गर्दागर्दै यी महान विचारकको ५५ वर्षको आयुमै मृत्यु भयो । (पोखरेल २०७४)

समाजशास्त्री म्याक्स वेबरका सामाजिम सिद्धान्तहरुलाई वेबरवादी सिद्धान्त भनिन्छ । वेबरका सामाजिम सिद्धान्तहरुमा सामाजिमक स्तरीकरणको पनि व्याख्या समेटिएको छ । वेवरका अनुसार, समाजमा वर्गहरु हुन्छन् र वर्गहरुको निर्धारण बजार परिस्थितिद्धारा हुन्छ । वेबर भन्छन्-वर्गहरु बजार अर्थशास्त्रमा विकास हुन्छन् । बजार अर्थशास्त्रमा हरेक व्यक्ति आर्थिक लाग प्राप्त गर्न प्रतिस्पर्धारत हुन्छ । (पोखरेल २०७४)

वेबर वर्गलाई बजार अर्थव्यवस्थामा जस्तै प्रकारको हैहियत देखाउने र उस्तै आर्थिक लाग प्राप्त गर्न मानिसहरुको समूहका रुपमा अर्थ्याउँछन् । यिनको वर्गको परिभापालाई यसरी हेर्न सकन्छि-वर्ग=मानिसहरुको समूहः तिनीहरु बजार अर्थव्यवस्थामा समान हैसियत प्राप्त गर्दछन् + तिनीहरु बजार अर्थव्यवस्थामा समान हैसियत प्राप्त गर्दछन् । यहाँ वर्गलाई बजार अर्थव्यवस्थामा समान हैसियत प्राप्त गर्ने रसमान आर्थिक लाथ प्राप्त गर्ने मानिसहरुको समूहका रुपमा अर्थ्याएको छ । वेबरका अनुसार, व्यक्तिको वर्गीय अवस्था नै उसको बजार अवस्था पनि हो । उस्तै वर्गीय अवस्था भएका मानिसहरुले बजार अर्थव्यवस्थामा उस्ते अवसरहरु प्राप्त गर्दछन् । अतः आर्थिक हैसियतले बजारमा प्राप्त गर्ने अवसरहरुलाई प्रत्यक्ष प्रभाव गर्दछ । जस्तै, बजारमा कोही खाली मुट्ठा हिड्छ, कसैले साइकिल किन्छ, कसैले मोटरसाइकल किन्छ र कसैले कार किन्छ । सामान्यतः बजारमा इन्जिनियरले उच्च, ओभरसियरले मध्यम र अदक्ष कामदारले निम्म आर्थिक लाभ प्राप्त गर्दछन् । यसरी मेरो अध्ययन क्षेत्र यही सिद्धान्तमा आधारित भई गरिएको छ । (पोखरेल २०७४)

# अध्याय - तीन

## अनुसन्धान पद्धति

### ३.१ अध्ययन क्षेत्रको छनौट

नेपालको सुदुरपूर्वमा रहेको पूर्वी पहाडी इलाम जिल्लाको पश्चिमी क्षेत्रपर्ने फाकफोकथुम गाउँपालिका वार्ड नं.५, लुम्दे यस अध्ययनको क्षेत्र रहने छ । इलाम जिल्लाबाट करिब ५०/५५ कि.मि रहेको यस क्षेत्रमा आधारभुत सुविधाहरु पुग्न सकेको छैन । जहाँ एउटा स्वास्थ्य चौकि जानु पर्दा पनि एक घण्टा हिड्नु पर्दछ । त्यहाँका महिलाहरु पुरुषको तुलनामा स्वास्थ्य, शिक्षा, रोजगार जस्ता विभिन्न सुविधाहरुबाट बन्चित छन । त्यहाँका महिलाहरु अझै पनि चुलो चौको भन्दा बाहिर आउन सकेका छैनन् । विभिन्न ठाँउमा यस विषयमा अनुसन्धान भएपनि यस ठाँउमा घरायसी निर्णय अधिकारमा महिलाको भुमिका भन्ने शिर्षकमा अनुसन्धान हुन सकेको छैन । जुन क्षेत्र सोधकर्ताले चिने जानेको र आफ्नै गाउँका महिलाको स्थितिको बारेमा प्रकास पार्ने उद्देश्यले यो क्षेत्र छनौट गरिएको हो ।

### ३.२ अनुसन्धानको ढाँचा

यस सोधपत्रको लागि गुणात्मक / मात्रात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । उत्तरदाताहरूको व्यक्तिगत विवरणको अध्ययन गर्न वर्णनात्मक पद्धति अपनाएको छ भने महिलाको अधिकार पत्ता लगाउन, भूमिकाबारे अध्ययन गर्ने साथै महिलाको निर्णय अधिकारमा प्रभाव पार्ने तत्वहरूको पहिचान गर्न अन्वेषणात्मक पद्धतिद्वारा गएिको छ ।

### ३.३ तथ्याङ्कको स्रोत

अध्ययन अनुसन्धानका लागि आवश्यक तथ्याङ्क प्राप्त गर्ने माध्यम नै तथ्याङ्कको स्रोत हो अर्थात अनुसन्धान सँग सम्बन्धित आवश्यक तथ्याङ्कहरु संकलन गर्ने आधार हो , जसबाट आधारभूत सूचना तथा जानकारीहरु प्राप्त गरिन्छ त्यो नै तथ्याङ्कको स्रोत हो । यस अध्ययनमा तथ्याङ्कका स्रोतहरु निम्नानुसार दुई किसिमका रहेका छन् :

### (क) प्राथमिक स्रोत

जुनसुकै  अध्ययन अनुसन्धानका लागि अवश्यक पर्ने तथ्याङ्कको आधारभूत स्रोत नै प्राथमिक स्रोत हो । यसको प्रमुख आधार स्थलगत अध्ययन हो । अनुसन्धानमा तथ्याङ्क संकलनका लागि प्राथमिक स्रोतलाई भरपर्दे र विश्वासनीय स्रोतको रुपमा लिइन्छ । यसमा मुख्य गरेर प्रश्नावली, अवलोकन, अन्तर्वार्ता, कार्यक्षेत्र अध्ययन, वैयक्तिक अध्ययन आदिको माध्यमबाट संकलन गरिएका तथ्याङ्कहरु पर्दछन् । यस अध्ययनमा पनि अधिकांश मात्रामा तथ्याङ्कहरु यिनै प्राथमिक स्रोतबाट लिइएको छ । अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई उत्तरदाताहरु सँग कुराकानी तथा छलफल गरेर, प्रश्नवाली भराएर, अवलोकन अन्तर्वाता र कार्यक्षेत्र अध्ययनद्धारा संकलन गरिएका उत्तर साथ सूचनाहरुलाई नै तथ्याङ्कको प्राथमिक स्रोत मानिएको छ । यसका साथै वैयक्तिक अध्ययनलाई पनि तथ्याङ्कको प्राथमिक स्रोत अन्तर्गत नै राखिएको छ ।

### (ख) द्धितीय स्रोत

तथ्याङ्कको द्धितीय स्रोत अन्तर्गत अनुसन्धान सम्बन्धि भए- गरेका कार्यहरु, शोध ग्रन्थहरु, पत्र पत्रिकाहरु, बुलेटिन, मुखपत्र, दस्तावेज, प्रतिवेदन, अभिलेख, रेडियो, टेलिभिजन आदि पर्दछन् । अनुसन्धानको क्षेत्र, विषय र प्रकृति अनुसार द्धितीय स्रोतबाट समेत धेरै थोरै जे जति भए पनि सूचना तथा तथ्याङ्कहरु प्रायः सवै शोधहरुमा लिने गरिन्छ । यस शोधमा पनि द्धितीय स्रोतका सामग्रीहरुबाट पनि तथ्याङ्कहरु संकलन गरिएका छन् । स्थलगत अध्ययनबाट संकलित प्राथमिक स्रोतका तथ्याङ्कहरुको आधारमा मात्र शेधकार्य सम्मपन्न गर्न नसकिने हुँदा तथ्याङ्कको द्धितीय स्रोतको रुपमा विभिन्न पत्रपत्रिकाहरु, विभिन्न विभागहरुद्धारा प्रकाशित हुने सूचना तथा तथ्याङ्कहरु, बुलेटिन आदिलाई नै तथ्याङ्कको द्धितीय स्रोत मानिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति

अनुसन्धानको सिलसिलामा संकलित तथ्याङ्कहरुको स्वरुप वा प्रकारलाई नै तथ्याङ्कको प्रकृति भनिन्छ । संकलित तथ्याङ्कहरु एकै किसिमका हुँदैनन् , अनुसन्धानको क्षेत्र, विषय र प्रकृति अनुसार नै यस्ता तथ्याङ्कहरु पनि फरक-फरक हुन्छन् । यस अनुसन्धानमा संकलित

तथ्याङ्कहरु परिमाणत्मक र गुणात्मक गरी दुई किसिमका छन् जसलाई क्रमशः तल प्रस्तुत गरिएको छ ।

### (क) परिमाणात्मक तथ्याङ्क

अनुसन्धानका क्रममा प्राप्त जानकारी तथा सूचनाहरु मध्ये संख्यामा व्यक्त गर्न सकिने तथा तथ्याङ्क शास्त्रीय विधिहरुको प्रयोग गरी विश्लेषण गर्न सकिने सूचना तथा जानकारीहरुलाई नै परिमाणात्मक तथ्याङ्क भनिन्छ । यस्ता तथ्याङ्कहरु स्थलगत अध्ययनका आधारमा तथ्याङ्क संकलनका विभिन्न उपकरण तथा सामग्रीहरुको प्रयोग गरी संकलन गरिन्छ । परिमात्मक तथ्याङ्कहरु वढी विश्वासनीय र ठोसरुपमा व्यक्त हुने भएकोले अनुसन्धानकार्यलाई निष्कर्षमा पुऱ्याउन पनि सजिलो हुन्छ । यस अनुसन्धानमा पनि परिमाणत्मक तथ्याङ्कहरु पनि रहेका छन् र यी तथ्याङ्कहरु स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।

### (ख) गुणात्मक तथ्याङ्क

संख्यामा व्यक्त गर्न नसकिने सूचना तथा जानकारीहरुलाई नै गुणात्मक तथ्याङ्क भनिन्छ । सामाजिक विषयका अनुसन्धानहरुमा परिमाणात्मक तथ्याङ्क मात्र नभई गुणात्मक तथ्याङ्कहरु पनि संलग्न हुन्छन् । समाजशास्त्रीय अध्ययन अन्तर्गत सामाजिक सम्बन्ध प्रभाव, रुचि, स्वभाव, धारण आदिको सम्बन्धमा संकलित तथ्याङ्कहरु स्वभावैले गुणात्मक प्रकृतिका हुन्छन् । उत्तरदाताहरुले  उत्तरस्वरुप दिएका सूचनाको सम्पूर्ण पक्षलाई संख्यामा मापन गर्न सकिदैन । संख्यामा व्यक्त गर्न नसकिने तर अत्यन्त महत्वपुर्ण, सान्दर्भिक र विश्लेषणयुक्त भनाइहरु आउन सक्छन् । यस्ता सूचनाहरुलाई कम मूल्याङ्कन गर्न पनि सकिदैन । यस अध्ययनमा पनि गुणात्मक प्रकृतिका तथ्याङ्कहरु समावेश भएका छन् र यी तथ्याङ्कहरु प्रत्यक्षरुपमा सूचनादाताहरुबाट संकलन गरिएको छ ।

## ३.५ अध्ययनको समग्र र नमुना छनौट

इलाम जिल्ला फाकफोकथुम गाउँपालिका वार्ड नं.५, लुम्देमा रहेका जम्मा ५० घरधुरीलाई आधार मानेर उद्देश्य मुलक नमुना छनौट विधिबाट अध्ययन गरिएको छ । जसमा फाकफोकथुम गाउँपालिका वार्ड नं.५, लुम्दे बसोवास गर्ने हरेक विवाहित महिलालाई अध्ययनको इकाईको रुपमा लिइएको छ । जहाँ यदि एउटा घरमा एक भन्दा बढि महिला भएमा पाको उमेरका महिलालाई छानिएको छ । अध्ययन क्षेत्रमा रहेका घरलाई यस अध्ययनको समग्रको रुपमा लिइएको छ । जनगणना विधि प्रयोग गरि प्रत्येक घरपरिवारबाट एक जना महिलालाई उत्तरदाताको रुपमा छनौट गरिएको छ  र जम्मा ५० महिलालाई उत्तरदाताको रुपमा छनौट गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन विधि

### प्राथमिक स्रोत

### ३.६.१ अन्तरवार्ता

यस विधि अनुसार फाकफोकथुम गाउँपालिका वार्ड नं. ५ लुम्देका महिलाहरुबाट अन्तरवार्ता सूचिको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । अन्तरवार्ताबाट तथ्याङ्क संकलन गर्दा महिलाहरुलाई प्रत्यक्ष भेटि प्रश्नावली मार्फत उनिहरुलाई प्रश्न सोधि उनिहरुको व्यक्तिगत तथा पारिवारिक विवरणको तथ्याङ्क संकलन गरिएको छ । त्यस्तै यस अध्ययनमा तथ्याङ्क संकलन गर्न अध्ययन क्षेत्रको महिलाहरुको निर्णय अधिकारमा कसको वढि हात छ ,घरायसि काम वा अन्य वाहिरी काममा महिलाको सहभागिता कस्तो छ, शिक्षित, रोजगारी भएका र अन्य घरायसी कार्य मात्र गर्ने महिलाहरु बिचमा निर्णय अधिकारमा कसको बढि हात छ भन्ने कुराको सत्य तथ्य तथ्याङ्क  संकलन गर्न उत्तरदातालाई प्रत्यक्ष भेटी अन्तरवार्ता लिइएको छ ।

### ३.६.२.विशेष व्यक्तिसँगको अन्तरवार्ता

यस विधिबाट तथ्याङ्क संकलन गर्नका लागि अध्ययन क्षेत्रका शिक्षित, अशिक्षित, रोजगारी, बेरोजगारी, एकल महिला आदिलाई भेटेर तयार पारिएको प्रश्न सुचिहरुद्धारा अन्तरवार्ता लिइ तथ्याङ्क संकलन गरिएको छ । अध्ययन विषय फाकफोकथुम गाउँपालिका वार्ड नं.५, लुम्देका महिलाहरुसँग मात्र सिमित भएर गरिएको छ तापनि हाम्रो समाज पुरुष प्रधान छ । यस समाजको सम्पुर्ण मुल्य मान्यता, चालचलन रीतिरिवाज, नीतिनियम तथा व्यवहारहरूसमेत पुरुषप्रधान छ । त्यसैले महिलाहरूसँग अन्तरवार्ता लिदा पनि पुरुषहरूसँग अनुमति लिनु पर्ने अवस्था एकातिर छ भने अर्को तिर महिलाहरूको बारेमा धेरै ज्ञान पुरुषहरूलाई समेत हुने हुँदा पुरुषलाई पनि जानकार व्यक्तिको रुपमा समावेश गरिएको छ । त्यस्तै त्यस क्षेत्रको समग्र तथ्याङ्क संकलन गर्दा महिलालाई भन्दा पुरुषलाई बढि थाहा भएको हुनाले पुरुषहरुको पनि सहयोग लिईएको छ ।

### ३.६.३ व्यक्तिगत अध्ययन

अध्ययन क्षेत्र फाकफोकथुम गाउँपालिका नं. ५,लुम्देका बसोवास गर्ने सम्पुर्ण महिलाहरु मध्ये ३ जना महिलाहरूको व्यक्तिगत अध्ययन गएिको छ । जसमा २ जना दलितहरु र १ जना ब्राह्मण महिलालाई लिइएको छ । दलित महिलाहरु र ब्राह्मण महिलाहरुको सामान्य जानकारी लिइएको छ ।

### द्धितिय स्रोत

यस सोधपत्रमा प्राथमिक स्रोतका साथै द्धितिय स्रोतबाट पनि तथ्याङ्क संकलन गरिएको छ । महिलाका विषयमा लेखिएका विभिन्न लेख, पुस्तक, केन्द्रिय तथ्याङ्क विभाग, गाउँपालिकाको तथ्याङ्क आदिलाई द्धितिय स्रोतका रुपमा लिइ अध्ययन गरिएको छ ।

### ३.७तथ्यांकको विश्लेषण तथा प्रस्तुतिकरण

अध्ययन क्षेत्रको उद्देश्पय सित सम्बन्धित भएर संकलित विभिन्न प्रकारका तथ्यहरुलाई हेरी वर्गीकरण गरेर व्याख्या गरिएको छ । संकलित तथ्यहरुलाई व्याख्या गर्नु पूर्व आवश्यकता अनुसार बुझ्ने गरी सरल तरिकाले तालिकीकरण गरिएको छ । तथ्यहरुको प्रकृति हेरी गुणत्मक र संख्यात्मक विधि अपनाई सरल तरिकाले सवैले बुझ्ने गरेर तालिकीकरण गरी प्रष्ट पारिएको छ ।

# अध्याय - चार

## अध्ययन क्षेत्रको परिचय

यस अध्यायमा अध्ययनको उद्देश्य परिपूर्तिका लागि सङ्कलन गरिएका तथ्याङ्कहरूको विश्लेषण गर्ने काम र त्यसबाट सारतत्व पत्ता लगाउने कार्य गरिएको छ । अध्ययनलाई उचित दिशामा लैजाने उद्देश्यले प्रथमतः सङ्कलित तथ्याङ्कहरूलाई तालिकाबद्ध गर्ने काम गरिएको छ । अध्ययनका लागि प्रयोग गरिएको प्रश्नावलीको आधारमा तथ्याङ्क विश्लेषण गरिएको छ ।

यसमा उत्तरदाताहरूको सामाजिक पारिवारीक, आर्थिक स्थितिबारे अध्ययन गरिएको छ । जसमा उत्तरदाताहरूले उमेर समूह, जात/जाति, धर्म, वैवाहिक स्थिति, परिवारको आकार, शैक्षिक स्थिति, आर्थिक अवस्था आदि विविध पक्षको अध्ययन गरी विवरणहरू प्रस्तुत गर्ने र विश्लेषण गर्ने कार्य गरिएको छ ।जसलाई अघि रहेका ३ वटा उद्देश्य अनुरुप क्रमशः मिलाएर फरक फरक नम्बरमा तल उल्लेख गरिएको छ ।

## ४.१ उत्तरदाताको उमेर समूह

उमेर एक महत्वपूर्ण जनसाङ्ख्यिक मापन हो । जस अन्तर्गत मानिसहरूको जीवन चक्र निर्भर रहन्छ । उमेर एक महत्वपूर्ण पक्ष पनि हो जसको आधारमा नै सम्पूर्ण मानव जीवन लगायत समाजको विकास भएको हुन्छ । उमेरले जुनसुकै कार्य गर्न र अघि बढ्न समेत सघाउ पुऱ्याएको हुन्छ । निर्णय क्षेत्रमा त उमेरको अझ बढी महत्व रहन्छ । यस अध्ययनमा सबै उमेर समुहलाई समेटिएकाले तल यस अध्ययनका लागि छनोट गरिएका उत्तरदाताहरूको उमेर समूहलाई दश दश (१०/१०) वर्षले फरक पारेर प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**उमेर अनुसार उत्तरदाताहरूको वर्गीकरण**

| उमेर | संख्या | प्रतिशत (%) |
|---|---|---|
| १५-२५वर्ष | ३ | ६ |
| २६-३५ वर्ष | ११ | २२ |
| ३६-४५ वर्ष | १३ | २६ |
| ४६-५५ वर्ष | १२ | २४ |
| ५६-६५ वर्ष | ७ | १४ |
| ६६-७५ वर्ष | २ | ४ |
| ७६-८५ वर्ष | १ | २ |
| ८६+ वर्ष | १ | २ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

ग्रामीण क्षेत्रमा विभिन्न उमेर समूहका महिलाहरू पाइन्छन् । माथि प्रस्तुत तालिका नं. १ अनुसार जम्मा उत्तरदाताहरू मध्ये १५ देखि २५ वर्ष उमेर समूहका ६ प्रतिशत, २६ देखि ३५वर्ष उमेर समूहका २२ प्रतिशत, ३६ दखि ४५ वर्ष उमेर समूहका २६ प्रतिशत, ४६ देखि ५५ वर्ष उमेर समूहका २५ प्रतिशत, ५६ देखि ६५ वर्ष उमेर समूहका १४ प्रतिशत, ६६ देखि ७५ वर्ष उमेर समूहका ४ प्रतिशत,७६ देखि ८५ बर्ष उमेर समुहका २ प्रतिशत र ८६ उमेर भन्दा माथिको २प्रतिशत रहेको पाईयो । स्थलगत अध्ययनको माध्यमबाट जनाकारी प्राप्त हुँदा यस समाजमा  यस क्षेत्रमा ३६ देखि ४५ वर्ष समुहको उत्तरदाता बढि रहेको पाईयो । जहाँ प्राय बुहारीहरु छुट्टिएर बसेको पाईयो ।

## ४.२ जातीय स्थिति

जात/जातिले सामाजिक संरचनामा महत्वपूर्ण स्थान ओगटको छ । आधुनिकतातिर उन्मुख समाजमा जातीय व्यवस्था कमजोर हुँदै गएको भएतापनि परम्परागत समाजमा मानव जीवन अझै पनि जातीय प्रथाबाट प्रभावित नै भएको पाइन्छ । जात/जातिले गर्दा समाजमा सदस्यहरूको समान स्तर वा क्रम रहेको हुँदैन विविधता रहेको हुन्छ । जात/जाति

सामाजिक संरचनाको प्रमखु अंग हो । यसले मानिसको सामाजिक/सांस्कृतिक अवस्थामा पनि निकै प्रभाव पारेको हुन्छ । यस अध्ययनमा उत्तरदाताहरूको जातीय स्थितिलाई तल तालिकामा प्रस्तुत गरिएको छ । यस अध्ययनमा छनोट गरिएका उत्तरदाताहरू विभिन्न जातका रहेका छन् ।

**तालिका नं. २**

**जात/जाति अनुसार उत्तरदाताहरूको वर्गीकरण**

| उमेर | संख्या | प्रतिशत (%) |
|---|---|---|
| ब्राम्हण | २२ | ४४ |
| क्षेत्री | १७ | ३४ |
| लिम्बू | ७ | १४ |
| कामी | २ | ४ |
| दमाई | २ | ४ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि उल्लेखित तालिका नं. २ लाई अध्ययन गर्दा उत्तरदाताहरू मध्ये सबैभन्दा बढी ४४ प्रतिशत ब्राम्हण, ३३ प्रतिशत क्षेत्री, १४ प्रतिशत लिम्बू, ५ प्रतिशत कामी र ५ प्रतिशत दमाई जाति रहेको छ । जसमा ५ जातिलाई समावेश गरिएको छ । यहाँ भौगोलिक कारणले गर्दा पनि बढी मात्रामा ब्राम्हण र क्षेत्री जातिको बसोबास पाइन्छ । जहाँ बढी मात्रामा आप्रवासी भन्दा पुर्ख्यौली ठाउँमा पुर्ख्यौली सम्पत्तीको नै भोगचलन गर्ने मानिस बढी रहनु पनि हो । त्यस्तै यस क्षेत्रमा जातजाति अनुरुप निर्णय अधिकारलाई हेर्ने हो भने ब्राम्हण र क्षेत्रि जातिमा भन्दा यहाँ रहेका दमाई तथा कामी जातिहरुमा घरमा गरिने काम, तथा आर्थिक कृयाकलापमा समेत निर्णय अधिकार बढि रहेको पाईयो ।

## ४.३ धार्मिक स्थिती

जात/जातिले जस्तै धर्मले पनि व्यक्तिको सामाजिक जीवनमा प्रभाव पारेको हुन्छ । धर्मले मानिसको व्यक्तिगत जीवनलाई मात्र प्रभावित पार्दैन बरु सांस्कृतिक र आर्थिक जीवनमा समेत नियन्त्रण गर्दछ । धर्मको कारणले गर्दा मानिसहरू धर्म विपरीत कार्य गर्दैछन । तर यस अध्ययनमा रहेका यस गाँउका सबै उत्तरदाताहरू हिन्दु रहेका छन् ।

**तालिका नं. ३**

**धर्म अनुसार उत्तरदाताहरूको वर्गीकरण**

| धर्म | संख्या | प्रतिशत (%) |
|---|---|---|
| हिन्दु | ४३ | ८६ |
| किँरात | ७ | १४ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि उल्लेखित तालिका नं. ३ लाई अध्ययन गर्दा उत्तरदाताहरू मध्ये सबैभन्दा बढी ८६ प्रतिशत हिन्दु धर्म मान्ने र बाँकी १४ प्रतिशत किँरात धर्म मान्ने रहेका छन् । अन्य धर्म मान्ने मानिसहरु रहेको पाइएन ।

## ४.४ पारिवारिक स्वरूप

यो एक समाजशासत्रीय अध्ययन भएको हुँदा उत्तरदाताहरूको पारिवारिक स्वरूपको बारेमा पनि चर्चा गरिएको छ । परिवारमा महिलाहरू आर्थिक र निर्णय गर्ने अधिकारमा आत्मनिर्भर भएमा पारिवारिक स्वरूपमा कस्तो प्रभाव पर्छ सो अध्ययन गर्नका लागि उत्तरदाताहरूको परिवारको स्वरूप एकल वा संयुक्त के हो छुट्याइएको छ । उत्तरदाताहरूका दुई पारिवारिक स्वरूपमा रहेका छन् । संयुक्त परिवार र एकल परिवार ।

संयुक्त परिवारमा तीन वा तीनभन्दा बढी पुस्ताका सदस्यहरू सबै एउटै घरमा बस्छन्, एउटै चुलोमा पाकेका खाना खान्छन् र उनीहरूको सम्पत्ति सामूहिक सम्पत्ति हुन्छ । संयुक्त परिवार ग्रामीण क्षेत्रतिर हिन्दु समाजमा बढी पाइन्छ ।एकल परिवारमा पति पत्नी र उनीहरुका अविवाहित छोराछोरी हुन्छन् । आधुनिकतातिर उन्मुख र सहरी क्षेत्रमा एकल परिवारको संख्या बढी पाइन्छ ।

**तालिका नं. ४**

**उत्तरदाताहरूको पारिवारिक स्वरूप**

| पारिवारिक स्वरूप | संख्या | प्रतिशत (%) |
|---|---|---|
| संयुक्त | ११ | २२ |
| एकल | ३९ | ७८ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

प्रस्तुत तालिका नं. ४ अनुसार उत्तरदाताहरू मध्य दुई पारिवारिक स्वरूपमा रहेका छन् । कुल उत्तरदाताहरू मध्ये २२ प्रतिशत संयुक्त परिवार र ७८ प्रतिशत एकल परिवारका रहेका छन् । उत्तरदाताहरू ग्रामीण क्षेत्रमा बसोबास गर्ने भएता पनि हाल शिक्षाको पँहुच,सामान्य रोजगारीमा लागेका र ठुलो परिवारमा बस्दा सामान्य कुरामा पनि मनमुटाब हुने कारणले गर्दा एकल परिवार नै बढि रहेको पाईयो । र यस क्षेत्रमा रहेका ब्राहमण जाहिहरु भन्दा क्षेत्रिहरु बढि एकल परिवारमा रहेको पाईयो भने अझै क्षेत्रिहरु भन्दा पनि सानो जाति भनिने दमाई, कामी जातिहरु एकल परिवारमा रहेको पाईयो । यस बाट के प्रस्ट हुन्छ भनेअरु जातिको तुलनामा ब्राहमणहरु अझै पनि आधुनिकतातिर लम्कन सकेका छैनन् ।

## ४.५ परिवारको आकार

हिजो आज खास गरेर ग्रामीण र सहरी क्षेत्रमा परिवारको आकारमा निरन्तर परिवर्तन आएको पाइन्छ । वर्तमान परिस्थितिमा परिवारको सदस्य संख्या घट्दै गएको पाइन्छ । विवाह पश्चात् श्रीमान, श्रीमतीहरू खास गरी दुवै रोजगारीमा लागेकाहरू संयुक्त परिवार त्यागी छुट्टै बस्ने प्रवृत्ति बढ्दै गएको अवस्था छ । यसका साथै हिजोआज महिलाहरू एक वा दुई मात्र सन्तान जन्माउने हुनाले परिवारको आकार सानो भएको पाइन्छ तर गाम्रीण क्षेत्रमा केहि संयुक्त परिवार अझै पनि कायमै रहेको हुनाले उत्तरदाताहरको परिवारको आकार सबै एकल नभएर ठूलो परिवार पनि भएको पाइन्छ । उत्तरदाताहरूको परिवारको आकार के कस्तो छ सामाजिक स्थिति बुझ्न तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**

**उत्तरदाताहरूको परिवारको आकार**

| परिवारको संख्या | संख्या | प्रतिशत (%) |
|---|---|---|
| १-२ | ४ | ८ |
| ३-४ | २५ | ५० |
| ५-६ | १७ | ३४ |
| ७-८ | ४ | ८ |
| ८ भन्दा माथि | १ | २ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि उल्लेखित तालिका नं. ५ अनुसार उत्तरदाताहरू मध्ये परिवारको संख्या ३-४ हुने उत्तरदाताहरू सबैभन्दा बढी ५० प्रतिशत र त्यसपछि ५-६ हुने ३४ प्रतिशत ७-८ हुने संख्या ८ प्रतिशत १-२ हुने संख्या ८ प्रतिशत र सबैभन्दा कम हुने ८ भन्दा बढी संख्या हुने २ प्रतिशत रहेको पाइयो। यस अध्ययनले प्राय उत्तरदाताहरू बच्चा जन्माउने निर्णयमा दुबैको सहमति, महिला आफै पनि निर्णय गर्न सक्ने भएकाले र उत्तरदाताहरु धेरै उमेर समुहका भएका कारणले गर्दा उनिहरुका छोरीहरु विवाह गरिसकेका र छोराहरु पनि छुट्टिएर बसेका हुनाले परिवार संख्या सानो रहेको पाइयो ।

## ४.६ विवाहको स्वरूप

नेपाली समाज हिन्दु समाज भएकोले यहाँ प्रायः गरेर विवाह गर्दा पूर्ण रूपमा बुबा आमाको इच्छा अनुसार गर्ने गरिन्छ । तर पनि कतिपय सम्बन्धमा आज आधुनिक समाजको प्रभावले गर्दा मागीको साथै प्रेम विवाह पनि गर्ने प्रचलन बढ्दो छ । जसले गर्दा भागी विवाह समेत गर्ने गरेको पाइन्छ । भागी विवाह गर्नुको मुख्य कारण उनीहरूको परिवारले स्वीकार नगर्नु र उनीहरू एक अर्का बीचमा छुटेर बस्न नसक्नु नै हो । जहाँ महिला पुरुषबिच धनी गरिव अन्तर रहनु, अर्न्तजातिय हुनु आदि हन् । उत्तरदाताहरूको विवाह गर्ने प्रचलन के कस्तो छ भन्ने सामाजिक स्थिति बुझ्न तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६**

**उत्तरदाताहरूको विवाहको स्थिति**

| विवाहको स्वरूप | संख्या | प्रतिशत (%) |
|---|---|---|
| मागीविवाह | ३९ | ७८ |
| प्रेमविवाह | ९ | १८ |
| भागीविवाह | २ | ४ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि उल्लेखित तालिका नं. ६ अनुसार उत्तरदाताहरू मध्ये मागी विवाह गर्ने उत्तरदाताहरू सबैभन्दा बढी ७८ प्रतिशत र सबैभन्दा कम संख्या भागी विवाह गर्ने रहेका छ जसमा ४ प्रतिशत मात्र देखिन्छ । मागी विवाह बढी हुनुको मुख्य कारण विगतको समयमा छिटो विवाह गर्नु मुख्य कारण हो । जसमा छोरीलाई रजस्वला हुनु भन्दा अघि नै विवाह गर्नु पर्दछ । जसले गर्दा स्वर्ग जान पाइन्छ भन्ने मान्यता रहनु हो । पछि समय परिवर्तनसँगै यो सोचाइमा परिवर्तन हुन पुग्यो जसको कारण विवाहको उमेरमा परिवर्तन हुन आई प्रेम विवाह गर्ने प्रचलन पनि बढ्दै गएको पाईन्छ । भागि विवाह जम्मा ५ प्रतिशतले मात्र गरेको पाईन्छ ,जुन केटा केटि बिच मन मिले पनि विभिन्न असमानता जस्तै शिक्षामा, जातमा, धनमा आदीमा असमानताका कारण र परिवारमा आफुले भनेको छोराछोरीले स्विकार नगरेमा परिवारले पनि छोराछोरीको प्रेममा स्विकार नगरेको कारण भागि विवाह गरेको पाईयो ।

## ४.७ विवाह गर्दाको उमेर

नेपाली समाज हिन्दु समाज भएकोले सानै उमेरमा छोरीको कन्यादान गरेमास्वर्ग गइन्छ भन्ने मान्यता छ जसले गर्दा रजस्वला नभई विवाह गर्ने चलन पनि छ । पहिलाको तुलनामा आजकल विवाहको उमेरमा थोरै मात्र भए पनि परिवर्तन आएको पाइन्छ । जसमा

पहिला ६, ७ वर्षमा विवाह गरिन्थ्यो भने अहिले त्यसमा केहि परिवर्तन हुदै आएको छ जसले गर्दा प्रजनन दर कम हुँदै गएको छ । बालबच्चाको संख्या कम भएको छ जसले जनसङ्ख्या नियन्त्रणमा समेत सघाउ पुऱ्याएको छ । उत्तरदाताहरूको विवाहको उमेर के कस्तो छ सामाजिक स्थिति बुझ्न तल तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**

**उत्तरदाताहरूको विवाहगर्दाको उमेर**

| विवाहको उमेर | संख्या | प्रतिशत (%) |
|---|---|---|
| १५ वर्षभन्दा कम | २५ | ५० |
| १६ देखि २० वर्षसम्म | २२ | ४४ |
| २१ देखि २५ वर्षसम्म | ७ | १४ |
| २६ देखि ३० वर्षसम्म | २ | ४ |
| ३१ वर्ष भन्दा माथि | १ | २ |
| जम्मा | ५० | १०० |

*स्रोत स्थलगत अध्ययन, २०७५*

माथि प्रस्तुत तालिका नं ७ अनुसार कुल उत्तरदाताहरू मध्ये अधिकांश बढी ५० प्रतिशत १५ वर्ष भन्दा अघि नै विवाह भएको, ४४ प्रतिशत १६ वर्ष देखि २० वर्षसम्म रहेका छन्, २१ देखि २५ वर्षसम्मका जम्मा १४ प्रतिशत रहेको छ र २६ देखि ३० वर्षसम्मका ४ प्रतिशत रहेका छन भने २ प्रतिशत मात्र उत्तरदाताहरू मात्र ३१ वर्ष भन्दा बढी उमेरमा विवाह गर्ने रहेको छ । १६ वर्ष भन्दा कम उमेरमा विवाह गर्नुको मुख्य कारण परम्परागत सोचाई, अन्धविश्वास, आर्थिक अवस्था कमजोर रहनु र अशिक्षा नै हो । जुन परिवार अन्धविश्वासि, आर्थिक अवस्था कमजोर छ त्यस्ता परिवारका सदस्याहरू कम शिक्षित रहेको पाइयो जसको कारण उनीहरूले छोरीलाई ढिलासम्म राख्न नहुने, सकेसम्म रजस्वला नहुदै विवाह गर्नुपर्ने अन्धविस्वासले गर्दा र समय परिवर्तन पछि पनि बढी दाइजो दिनु पर्दछ भनेर कम उमेरमा नै विवाह गरिदिएको पाइन्छ । त्यस्तै गरेर ३ जना महिलाको २६ वर्ष भन्दा माथि विवाह गर्नुको मुख्य कारण उनीहरु रोजगारीमा संलग्न हुनु र

उनीहरुको परिवार शिक्षित हुनु नै हो । जसमा उनीहरुले आफ्नो पढाइ सकेर रोजगारीमा संलग्न भई आर्थिक रूपमा सक्षम भएर विवाह गर्ने इच्छा राख्नु हो ।

## ४.८ वैवााहिक स्थिति

सामान्य अर्थमा विवाह भन्नाले महिला र पुरूषबीच दापत्य सम्बन्ध कायम गर्ने कार्य अथवा महिला र पुरूष बीच पति पत्नीको नाता जोड्नुलाई विवाह भनिन्छ ।वैवाहिक स्थितिले महिलाको सामाजिक अवस्था दर्शाउँछ । विवाह जसले महिलाहरूलाई एक छोरीको स्तरमा मात्र नराखी भाउजु, बुहारी, आमा, पत्नी आदिको स्तरमा पनि कायम राख्छ । विवाहपछि महिलाहरूको हैसियत तथा भूमिकामा पनि परिवर्तन आई उनीहरूको कर्तव्य र जिम्मेवारीका साथै कार्यभार समेतबढ्दछ ।

**तालिका नं. ८**

**वैवाहिक स्थिति अनुसार उत्तरदाताहरूको वर्गीकरण**

| वैवाहिक | संख्या | प्रतिशत (%) |
|---|---|---|
| विवाहित | ४३ | ८६ |
| विधवा | ४ | ८ |
| छुट्टिएर बसेको | ३ | ६ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि प्रस्तुत तालिका नं. ८ बाट के थाहा हुन्छ भने यस अध्ययनमा छनोट भएको उत्तरदाताहरू मध्ये धेरै जसो ८६ प्रतिशत उत्तरदाताहरू विवाहित, ८ प्रतिशत विधवा र ६ प्रतिशत छुटिएर बसेको रहेका छन् । जसमा श्रीमान र श्रीमती बीचको आपसी सम्बन्ध नराम्रो भएको कारणले उनीहरू छुट्टिएर बसेका छन् । श्रीमान बढी मात्रामा रक्सी पिउने, बिना कारण झगडा गर्ने, तास खेल्ने र काममा नजाने भएकोले उनीहरू छुट्टिएर बसेको पाइन्छ । यसमा विवाहित महिलालाई मात्र उत्तरदातामा सामेल गरिएको छ ।

## ४.९ आर्थिक अवस्था

आर्थिक अवस्था विकासको मुख्य मेरूदण्डको रूप मानिन्छ । यसमा उत्तरदाताहरूको आर्थिक अवस्थाबाटै उनीहरूको पारिवारिक पेशागत विवरण तथा पारिवारिक आम्दानीमा संलग्नता, अन्न उत्पादन, घर जग्गा माथिको स्वामित्व, रोजगारीको स्थिति र महिलाको निर्णय गर्ने अवस्था आदि विविध कुराहरू अध्ययन गरी प्रस्तुत गरिएको छ ।

### ४.९.१ उत्तरदाताको आर्थिक कारोबारमा संलग्नता

नेपाल विकास उन्मुख मुलुक भएकोले यहाँ मानिसहरू रोजगारीमा संलग्न रहे र आर्थिक उपार्जन गर्ने गरेको पाइन्छ । जसमा यस ग्रामीण क्षेत्र भएकोले बढी मात्रामा आर्थिक उपार्जन हुने कार्यमा महिला भन्दा पुरूषको संलग्नता बढि पाइन्छ । यसमा महिलाको संलग्नता के कति छ भन्ने पत्ता लगाउन तल तालिकामा उत्तरदाताहरूको संलग्नतालाई देखाइएको छ ।

**तालिका नं.९**

**उत्तरदाताहरूको आर्थिक संलग्नता**

| संलग्न व्यक्ति | संख्या | प्रतिशत (%) |
|---|---|---|
| महिला | १ | २ |
| पुरूष | १७ | ३४ |
| दुवै | ३२ | ६४ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि उल्लेखित तालिका नं. ९अनुसार कुल उत्तरदाताहरू मध्ये उत्तरदाताहरू आफैले आर्थिक उपार्जनमा संलग्न भएपनि कारोबार गर्न अनुमति रहेको विवरण अत्यन्त न्यून छ । पुरूष प्रधान समाज भएको हुनाले महिलालाई मात्र कुनै कुरामा निर्णय गर्न नदिने बरु आफुपनि संलग्न रहेको पाईयो ।  बढी मात्रामा आर्थिक कारोवारमा दुबै जना मिलेर

गरेको ६४ प्रतिशत पुरूषहरू मात्र ३४ प्रतिशत रहेका छन् भने महिला मात्र संलग्न भएको जम्मा २ प्रतिशत रहेको छ । जसले के देखाउँछ भन्ने ग्रामीण क्षेत्रका महिलाहरू घर बाहिरको काम वा आर्थिक कारेबारको कार्यमा एकल निर्णय गर्न स्वतन्त्र रहेका छैनन् ।

### ४.९.२ उत्तरदाताहरूको परिवारको आम्दानिको स्रोत

नेपाल कृषि प्रधान देश भएकोले अधिकांश नेपालीको प्रमुख पेशा कृषि रहेको र आम्दानिको मुख्य स्रोत पनि कृषि नै रहेता पनि अन्य विभिन्न पेशाहरू जस्तै नोकरी, व्यापार, उद्योग, आदि पनि उनीहरूले आम्दानिको स्रोतहरु रहेका छन् । तल प्रस्तुत तालिकामा उत्तरदाताहरूको पारिवारिक आर्थिक स्रोतलाई देखाइएको छ ।

**तालिका नं. १०**

**उत्तरदाताहरूको पारिवारिक आम्दानि स्रोत विवरण**

| पेशा | संख्या | प्रतिशत (%) |
|---|---|---|
| कृषि | ३२ | ६४ |
| नोकरी | ८ | १६ |
| व्यापार | ७ | १४ |
| अन्य | ३ | ६ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि उल्लेखित तालिका नं. १०अनुसार जम्मा उत्तरदाताहरूको पारिवारिक आर्थिक स्रोत मध्ये सबैभन्दा बढी ६४ प्रतिशत उत्तरदाताहरूको परिवार कृषिमा नै निर्भर रहेको छ भने, १६ प्रतिशत नोकरीमा, १४ प्रतिशत व्यापार छ र ६ प्रतिशत अन्य पेशामा रहेका छन् । यसबाट के प्रष्ट हुन्छ भने ग्रामीण क्षेत्रका उत्तरदाताहरू भएको हुनाले उनिहरुको मुख्य पेशा कृषि र आम्दानिको स्रोत पनि कृषि नै मुख्य रहेको पाईन्छ । तर हाल मानिसहरुको सोचाईमा परिवर्तन आई परिवर्तन आई कृषिमा मात्र नअल्झीने भनि अन्य पेशामा पनि सम्लग्न रहि आफ्नो जिवनस्तर उकास्नतिर लागेको पाईयो ।

# अध्याय पाँच

# परिवारमा महिलाको निर्णय अधिकार र भुमिका

महिलामाघरभित्र तथा घरबाहिर पुरुषको तुलनामा राम्रो निर्णय लिन सक्ने क्षमता, सिप, अनुभव भएता पनि परिवारमा महिलाको क्षमताको कदर गर्ने र घरको जुनसुकै निर्णय गर्न दिने अधिकार प्राय परम्परादेखि नै देखिदैन । यस किसिमको स्थिति रहिरहनुको पछाडि पुरुषको बाहुल्यता रहनु र समाज पुरुष प्रधान किसिमको रहनु नै मानिन्छ ।

## ५.१ महिलाले बच्चा जन्माउने सोचाइमा उनिहरुले पाएको निर्णय अधिकारकोविवरण

ग्रामिण समाज जहाँ कुनै पनि समाजमासबै कुराको निर्णय महिलाले सोचे जेस्ता नहुन सक्छ । अशिक्षा, परम्परागत सोचाई र रुढिवादी प्रवृत्तिले गर्दा पनि हाम्रो समाजमा जनसंख्या वृद्धिदर उच्च हुँदै गएको छ । पहिलेका पुस्ताका पिढीहरुले विभिन्न सोचाइका कारण बच्चा धेरै जन्माउने इच्छा राखेतापछिल्लो पुस्ताका महिलाहरु शिक्षा, रोजगार तथा हालको परिस्थितिका कारण पनि बच्चा जन्माउन हिच्किचाएका हुन्छन् भने कतिपय करकापमा रहेर बच्चा जन्माएका हुन्छन् । यस अध्ययन क्षेत्रमा इच्छा वा करकापमा परेर बच्चा जन्माउने उत्तरदाताहरुको विवरण यस प्रकार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११**

**बच्चा इच्छा वा करकापमा परेर जन्माउने उत्तरदाताहरूको विवरण**

| स्थिति | संख्या | प्रतिशत (%) |
|---|---|---|
| इच्छा | ३७ | ७४ |
| करकाप | ९ | १८ |
| आकस्मिक | ४ | ८ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि प्रस्तुत तालिका नं. ११ अनुसार जम्मा उत्तरदाताहरू मध्ये सबैभन्दा बढी ७४ प्रतिशत उत्तरदाताहरूले आफ्नो इच्छाले बच्चा जन्माएका छन् जहाँका उत्तरदाताहरु आफैमा पनि परम्परागत आस्था जस्तै जसका छोरा उसका धन भन्ने सोचाईले गर्दा र कतिपय महिलाहरु प्रजनन स्वास्थ्य सम्बन्धि ज्ञानका कारणलेपनि इच्छापुर्वक वच्चा जन्माएका पाईन्छ भने १८ प्रतिशत उत्तरदाताले करकापमा जन्माएका छन् र ८ प्रतिशतको आकस्मिक रूपमा गर्भधारण रहेका छन् ।

## ५.२ स्वास्थ्य सुरक्षा

स्वास्थ्य भन्नाले कुनै पनि मानिस जन्मिएपछि उसले स्वस्थ वा निरोगी रहेर बाँच्नु भन्ने बुझिन्छ । जसकोनियमित रुपमा जाँच गरिरहनु भन्ने हुन्छ । यसै गरी कुनै परिवारमा केही विरामी परेमा कसले अस्पताल लैजाने गर्दछन् भन्ने कुरा थाहा पाउन सकिन्छ । प्रस्तुत अध्ययनमा उत्तरदाताहरूको परिवारमा बालबच्चा बिरामी परेमा अस्पताल कसले लाने निर्णय गर्दछन् भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १२**

**बालबच्चा विरामी परेमा अस्पताल लानेको विवरण**

| अस्पताल लैजाने | संख्या | प्रतिशत (%) |
|---|---|---|
| महिलाले मात्र | ७ | १४ |
| पुरूषले मात्र | ४ | ८ |
| दुवैले | ३७ | ७४ |
| उत्तर नआएको | २ | ४ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि उल्लेखति तालिका नं. १२ बाट के प्रष्ट हुन्छ भने जम्मा उत्तरदाताहरू मध्ये ७४ प्रतिशत उत्तरदाताहरूले बालबच्चा बिरामी परेमा दुवैको सल्लाहले औषधी खुवाउने वा अस्पताल लैजाने गरेको पाइन्छ भन्ने जम्मा ८ प्रतिशत पुरूष, त्यसैगरी १४ प्रतिशत

महिला रहेको पाइन्छ । त्यसैगरी ४ प्रतिशत उत्तरदाताहरूबाट यसको उत्तर नआएको पाइन्छ । ४ प्रतिशत उत्तरदाताहरु यस प्रश्नको उत्तर दिन हिच्कीचाएका छन् ।

## ५.३ भू-स्वामित्व अधिकारको स्थिति

नेपालको सन्दर्भमा कृषि उत्पादनमा महिलाहरूको योगदान महत्वपूर्ण रहेका छ तापनि भूमि माथि उनीहरूको स्वामित्व भने धेरै नै कम रहेको पाइन्छ । पैतृक सम्पत्ति माथि महिलाहरूको अधिकार नभएको कारण धेरै जसो महिलाहरूको आफ्नो नाउँमा जमिन नभई परिवारका अन्य सदस्यहरूको नाउँमा रहेको जमिनले नै उनीहरूको आर्थिक स्थिति झल्केको पाइन्छ । जमिन मानिसको सम्पत्ति झल्काउने बलियो र महत्वपूर्ण आधार भएको हुँदा उत्तरदाताको भू-स्वामित्वको स्थिति के कस्तो छ तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३**

**भूस्वामित्वको आधारमा उत्तरदाताहरूको वर्गीकरण**

| जग्गा | उत्तरदाताहरूको संख्या | प्रतिशत (%) |
|---|---|---|
| महिला | ९ | १८ |
| पुरूष | ३५ | ७० |
| दुवै | ६ | १२ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि प्रस्तुत तालिका नं. १३अनुसार कुल उत्तरदाताहरू मध्ये जग्गा ७५ प्रतिशत पुरूषको नाममा, १८ प्रतिशत महिलाको नाममा र सबैभन्दा कम दुवैको नाममा १२ प्रतिशत रहेको पाइयो । माथि उल्लेखित तालिकाबाट के प्रष्ट हुन्छ भने आफ्नो नाममा जग्गा नभएका महिलाहरू अझै पनि बढी समय कृषिमा खर्चिरहेको पाइन्छ । महिलालाई भन्दा पुरूषलाई बढी महत्व दिने समाज भएको र पैतृक सम्पत्ति माथि छोराको हक रहने परम्पराले गर्दा यस्तो स्थिति सिर्जना भएको हो । पुर्ख्यौली सम्पत्ती बढी मात्रामा पुरुषको नाममा छ । जहाँ अशिक्षाको कारणले गर्दा महिलाको नाममा सम्पत्ती दिनु हुन्न भन्ने मान्यता राख्दछन् तर अहिले शिक्षाको विकासले गर्दा शिक्षितहरूले महिलाको नाममा जग्गा पास गरेमा राजस्व कम लाग्ने हुनाले महिलाको नाममा पनि जग्गा पास गर्ने गरेको पाइन्छ

। अन्तर्वार्ताको माध्यमबाट व्यक्तिगत अध्ययन गर्दा महिलाको जग्गा माथि बढी मात्रामा स्वामित्व नरहेता पनि नेपालको सर्न्दभमा १८ प्रतिशत महिलाको नाममा मात्र र १२ प्रतिशत दुवैको नाममा जग्गा हुनु पनि समानताको लक्ष्य तर्फ उन्मुख र सकारात्मक पक्ष मान्न सकिन्छ ।

## ५.४ शैक्षिक स्थितिमा भुमिका

शिक्षा मानव विकासको आधारस्तम्भ हो । त्यसैले शैक्षिक स्थितिले मानवको अवस्था, भूमिका र विकासमा प्रभाव पारेको हुन्छ । शैक्षिक अवस्था अनुसार मानवको सामाजिक, आर्थिक अवस्था निर्धारित भएको र फरक फरक रहेको हुन्छ । प्रस्तुत अध्ययन ग्रामीण क्षेत्र भएकोले उत्तरदाताहरूले आफ्नो बच्चाको शिक्षामा कतिको समय कसले बिताउँदा रहेछन् भन्ने थाहा पाउनका लागि उनीहरूको योगदानलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४**

**बच्चाको शिक्षाको निमित्त बढीसिमय दिने**

| समय दिने | संख्या | प्रतिशत (%) |
|---|---|---|
| महिला | २४ | ४८ |
| पुरूष | ५ | १० |
| दुवै | १९ | ३८ |
| उत्तर नआएको | २ | ४ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि उल्लेखित तालिका नं. १४अनुसार कुल उत्तरदाताहरू मध्ये बच्चाको शिक्षामा बढी समय महिलाले नै दिने गरेको पाईयो । जसमा महिलाले  समय दिनेमा ४८ प्रतिशत त्यसै गरी दुवैले समय दिने ३८ प्रतिशत छन् भनेपुरूषको जम्मा १० प्रतिशत संलग्नता रहेको पाइन्छ । ४८ प्रतिशत महिला बच्चाको शिक्षामा संलग्न हुनुको कारण उनीहरू शिक्षित हुनु, श्रीमान रोजगारीको लागि अन्यत्र जानु र कतिपय श्रीमान बच्चाको मतलब नगरी ल तै गर म सक्दिन भन्ने जस्ता कारणले गर्दा नै हो । जसको कारणले गर्दा

महिलाहरू आफ्नो बच्चाको शिक्षामा बढी समय दिने गर्दछन् । त्यसैगरी उत्तर नदिनेमा ४ प्रतिशत रहेको पाइन्छ । जसले गर्दा महिला र पुरूष दुवै आफ्नो बच्चाको शिक्षाको निमित्त चिन्तित र केहि थाहा नभएकोपाइयो ।

## ५.५ बच्चाको विद्यालय छनौट सम्बन्धी निर्णय

बच्चाको शिक्षाको गुणस्तरमा वा सम्पुर्ण विकासको लागी विद्यालय छनौटले पनि प्रभाव पारिरहेको हुन्छ । ग्रामिण क्षेत्र भएकाले विद्यालय छनौटका लागी धेरै विद्यालय नभए पनि केहि सामुदायिक र सरकारी विद्यालयका लागि पुरुष र महिलाबिच विवाद भईरहेको पाईन्छ । बच्चालाई कहाँ पढाउने भन्ने विषयमा कसले निर्णय गर्दछ भन्ने जानकारीका लागि तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५**

**कुन विद्यालयमा पढाउने भन्ने निर्णय सम्बन्धमा**

| निर्णय | संख्या | प्रतिशत (%) |
|---|---|---|
| महिला | ४ | ८ |
| पुरूष | ९ | १८ |
| दुवै | ३५ | ७० |
| उत्तर नआएको | २ | ४ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि उल्लेखित तालिका नं. १५ अनुसार कुल उत्तरदाताहरू मध्ये बच्चालाई सामुदायिक वा संस्थागत विद्यालय कुनमा पढाउने भन्ने कुरा दुवैको सरसल्लाहमा गर्ने ७० प्रतिशत रहेको पाइन्छ, पुरूषले मात्र निर्णय गर्ने १८ प्रतिशत पाइन्छ र महिलाले जम्मा ८ प्रतिशत मात्र निर्णय गर्ने गरेको पाइन्छ । यस तालिकाबाट के प्रष्ट हुन्छ भने विद्यालय छनौटमा महिला मात्रको भुमिका नरहेता पनि दुवै जना मिलेर गर्ने गरेको पाईयो जहाँ यस्ता निर्णय गर्दा दुवैको उत्तिकै भुमिका हुनुपर्दछ भन्ने मान्यता रहेको पाईयो र महिलाले

एक्लैनिर्णय नगरेता पनि महिलाको पनि ठुलो भुमिका रहेको पाईयो । जहाँ४ प्रतिशतबाट उत्तर नआएको रउनिहरु उत्तर दिन पनि हिच्कीचाएको पाइयो ।

## ५.६घरायसी कामकाज वा खाना तथा सामान किन्ने निर्णय

घर एउटा त्यस्तो ठाउँ हो जहाँ विभिन्न सदस्यहरू रहेका हुन्छन् । जसमा भएका कामहरूलाई कस कसले गर्ने भन्ने कुरा नियमित रूपमा बाँडफाँड गरिएको हुन्छ । जसमा मुख्य रूपमा घर भित्रको काम महिलाले गर्ने अधिकार प्रधान गर्दछन् । जसमा काम मात्र गर्ने तर निर्णय बढी मात्रामा पुरूषले गर्ने गरेको पाइन्छ । घरायसी काम भन्नाले खाना पकाउने, लुगा धुने, पशुहरूको हेरविचार गर्ने, घर सफा गर्ने, बच्चाहरूको सरसफाइ आदि गर्नु भन्ने बुझिन्छ । जसमा थोरै मात्रामा पुरुषको संलग्नता पाइन्छ तर बढी मात्रामा महिलाहरू संलग्न हुने गर्दछन् तर निर्णय चाहिँ पुरुषले नै गर्ने गर्दछन् । जसको काम मात्र महिलाले संचालन गरेका हुन्छन् । यस्ता किसिमका घरायसी कार्यमा थोरै मात्र ग्रामीण क्षेत्रमा पुरुषहरूले सहयोग गरेको पाइन्छ । त्यसैले यस ग्रामीण क्षेत्रमा कसले निर्णय गर्ने गर्दछन् भन्ने पत्ता लगाउन यस प्रश्नको प्रयोग गरेर उत्तरदाताहरूबाट प्रस्तुत तालिकामा थाहा पाउनका लागि तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १६**

**घरायसी कामकाज सामान किन्ने निर्णय सम्बन्धमा**

| काम गर्ने व्यक्ति | संख्या | प्रतिशत (%) |
|---|---|---|
| पुरूष | ६ | १२ |
| महिला | ३१ | ६२ |
| दुवै | १३ | २६ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि उल्लेखित तालिका नं. १६अनुसार कुल उत्तरदाताहरू मध्ये उत्तरदाताहरू महिला भएकाले यसमा घरभित्रको काम खानाको व्यवस्था गर्नेमा बढी महिला नै सहभागी रहेका छन् । घर भित्रको काम महिलाले गर्ने मान्यता रहेको समाज हुनाले उत्तरदाताहरू सबैभन्दा बढी ६२ प्रतिशत महिला छन् भने पुरूषले घर भित्रको काम गर्ने व्यवस्था रहेको जम्मा १२ प्रतिशत र दुवै मिलेर घरायसी कामकाज वा खाना बनाउने गरेको जम्मा २६

प्रतिशत मात्र रहेका छन् ।महिलाहरु नै घरभित्रको काम गर्ने हुनाले पुरुषहरुले पनि मलाई केहि थाहा छैन ल आफै किन सामानहरु भन्ने गरेकाले यस विषयमा निर्णय महिलाको नै बढि रहेको पाईयो ।

## ५.७ समय अनुसार बाली लगाउने निर्णय

अध्ययन क्षेत्र ग्रामीण क्षेत्र भएकाले यहाँको मुख्य पेशा कृषि हो । जसमा ४२% मानिस कृषिमा संलग्न छन । कतिपय मुख्य पेशा अन्य भएपनि कृषिमा पनि समय दिईरहेको पाईन्छ । जहाँ उत्तरदाताहरू मध्ये कसले समय अनुसारको कुन बाली लगाउने भन्ने जान्ने प्रयास गरिएको छ । यस क्षेत्रमा तल्लो भेग भएकाले बढी मात्रामा सिंचाइको सुविधा हुनाले बढी मात्रामा धान, मकै, गहुँ र तरकारी खेती लगाउने गरेको पाइन्छ । पानीको सिंचाइ भएको हुनाले तरकारी बाली जस्तै आलु, मुला, साग, काउली, बन्दा र अन्य तरकारीहरू लगाई आम्दानी गर्न सहयोग पुगेको छ । तल प्रस्तुत तालिकामा उत्तर दाताहरूको बाली कुन लगाउने भन्ने कसले निर्णय गर्छन् देखाउन खोजिएको छ ।

**तालिका नं. १७**

**उत्तरदाताको समय अनुसारको बाली**

| निर्णय गर्ने व्यक्ति | संख्या | प्रतिशत (%) |
|---|---|---|
| महिला | ७ | १४ |
| पुरूष | ६ | १२ |
| दुवै | ३७ | ७४ |
| जम्मा | ५० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि उल्लेखित तालिका नं. १७अनुसार जम्मा उत्तरदाताहरूको बाली लगाउने निर्णय मध्ये सबैभन्दा बढी ७४ प्रतिशत उत्तरदाताहरू दुवै मिलेर निर्णय गर्ने, १४ प्रतिशत महिलाले निर्णय गर्ने र सबैभन्दा कम १२ प्रतिशत मात्र पुरूषले अन्न उत्पादनमा निर्णय गर्ने गरेका छन् । यसबाट के प्रष्ट हुन्छ भन्ने ग्रामीण क्षेत्रका उत्तरदाताहरू भएकोले बढी समय महिलाले काम गर्ने गर्दछन् । जसमा दिनको १४ घण्टा भन्दा बढी उनीहरू आर्थिक

रूपमा मूल्याङ्कन नहुने काम गरि रहेका छन् । र निर्णय गर्ने प्रक्रियामा पनि महिलाको सहभागीतामा अगाडी नै रहेको पाइयो ।

## ५.८ शिक्षामा महिलाको सहभागिता

शिक्षामा महिलाको सहभागिता अपरिहार्य मानिन्छ भन्ने गरिन्छ कि एउटा परिवारमा पुरूष शिक्षित भएमा ऊ मात्र शिक्षित हुन्छ तर महिला शिक्षित भएमा सम्पूर्ण परिवार नै शिक्षित हुन्छ भनिन्छ । यस क्षेत्रमा उत्तरदाताको रुपमा घरको पाको उमेरको महिलालाई लिईएकोले गर्दा प्राय निरक्षर नै छन र साक्षर पनि कोहि विवाह अघि र पछि प्रौढ शिक्षाले गर्दा सामान्य शिक्षा हासिल गरेका छन । यस अध्ययनमा विवाह अघि पढ्दै गरेका जम्मा १७ जना उत्तरदाताहरु रहेका छन् । ती महिलाहरुले आफ्नो विवाह पश्चात केहि समय पढाइमा लगाउन सकेका छन कि छैननभन्ने थाहा पाउने उद्देश्यले उत्तरदाताहरू समक्ष यो तालिकाको मार्फत पत्ता लगाउने कोसिस गरिएको छ ।

**तालिका नं. १८**

**विवाहपछि पढाइ अघि बढाएको वा नबढाएको सम्बन्धमा**

| विवाह पछि | संख्या | प्रतिशत |
|---|---|---|
| नबढाएको | ११ | ६५ |
| बढाएको | ५ | २९ |
| उत्तर नआएको | १ | ६ |
| जम्मा | १७ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथि उल्लेखित तालिका नं. १८ अनुसार कुल उत्तरदाताहरू मध्ये विवाह अघि पढ्दै गरेका उत्तरदाताहरु मध्ये जम्मा १७ जना ३४ प्रतिशत पाईयो भने अन्य उत्तरदाताहरु निरक्षर र विवाह गरिसकेपछि आएको प्रौढ शिक्षाले गर्दा सामान्य साक्षर मात्र भएको पाईयो । १७ जना साक्षर उत्तरदाताहरु मध्ये विवाहपछि पढाइ अगि नबढाउनेको संख्या६५ प्रतिशत रहेको पाइयो त्यसैगरी पढाई अघि बढाउने उत्तरदाताहरु२९ प्रतिशत छन् भने उत्तर नआउनेमा जम्मा ६ प्रतिशत मात्र रहेको पाईयो । विवाहपछि पनि आफ्नो पढाइलाई निरन्तरता दिने उत्तरदाताहरूको परिवार सामान्य रुपमा शिक्षित र कोहि परिक्षा आईरहेकाले परिक्षा भने

पनि दिउँ भन्ने सोचाईले पढाई अगाडी बढाएका छन् तर विवाह पछि पढाई अघि बढाएता पनि सबैले आफ्नो शिक्षा पुरा गर्न पाएका छैनन ।

त्यस्तै पढाई अघि नबढाउने ६५प्रतिशत उत्तरदाताहरु विवाहपछि विभिन्न कारणले आफ्नो पढाई छोड्नु परेको वाध्यता सुनाउदछन ।जहाँ पाको उमेरका उत्तरदाताहरु जो आफ्ना छोरीलाई पनि शिक्षा दिन हुन्न र वुहारीहरु पनि अब पढ्ने होईन घरको काम गर्न पर्छ भन्ने परम्परागत सोचाईका कारण पढ्न नपाएको गुनासाहरु रहेको पाईयो । परम्परागत सोचाइका कारण बुहारीले पढ्नु हुन्न भन्ने मान्यता, कसैको घरको आर्थिक अवस्थाका कारण र कोहि उत्तरदाताहरु विवाह पछि गर्भवति भएका कारणले गर्दा पनि आफ्नो पढाई छोडेको पाईयो । भने ६ प्रतिशत उत्तरदाताले आफ्नो पढाई छोडेको कारण भन्न पनि हिच्किचाउनु भएर उत्तर दिन मान्नु भएन ।

## ५.९ घरायसी अन्य कार्यमा निर्णय गर्ने अधिकार

ग्रामिण समाजमा महिलाहरुले घरभित्र वा घर वाहिर पुरुषको तुलनामा अत्यन्त राम्रो फलदायी हुने किसिमले कामको निर्णय दिन र लिन सक्ने क्षमता, सीप तथा अनुभव भए तापनि महिलाहरुको क्षमताको कदर गर्ने र असल र कमशल जुनसुकै कामको समेत निर्णय गर्न दिने अधिकार प्रायः परम्परादेखि नै देखिदैन । यस किसिमको स्थिति रहीरहनु पछाडि हरेक निर्णयमा पुरुषको वाहुल्यता रहनु र स्वयं समाज पुरुष प्रधान किसिमको रहनुको कारणलाई लिन सकिन्छ । यस अध्ययन क्षेत्रका महिलाहरुले सानो देखि ठुलो र सरल देखि जटिल जुनसुकै कार्यमा पनि आफ्नो स्वविवेकले निर्णय नगरी ससुरा तथा श्रीमानको आदेश अनुसार गर्नु पर्ने हुन्छ । महिलाहरुलाई त्यस्ता कामको निर्णय गर्ने अधिकार छ, जहाँ पुरुषको श्रम र समय बढि खर्च नहोस । आर्थिक रुपले लगानी नपरोस, जुन काम महिलाहरुले गर्दा पुरुषहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा फाइदा भएको महशुस होस, यि सवै किसिमका काममा महिलाहरुलाई निर्णय गर्ने अधिकार रहन्छ, भने अन्यथा महिलालाई कमै अधिकार दिइएको पाइन्छ र निर्णय प्रक्रियामा सल्लाह सुझाव लिने गरेको कमै पाईन्छ । यस अध्ययन क्षेत्रमा रहेका महिलाहरुमा घरायसी कामकाजमा बाहेक अन्य कार्यमा सल्लाह लिने नलिने विवरण निम्न तालिका अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. १९**

**निर्णय प्रकृयामा रहेको संलग्नताको आधारमा उत्तरदाता महिलाको वर्गीकरण**

| निर्णय प्रकृया | संख्या | प्रतिशत |
|---|---|---|
| संलग्न(सल्लाह लिने) | २३ | ४६ |
| असंलग्न(सल्लाह नलिने) | २७ | ५४ |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

माथिको तालिका नं. १९ अनुसार २३ जना अर्थात ४६ प्रतिशत महिलाहरु निर्णय प्रकृयामा सामेल छन् अर्थात पुरुषहरुले काम गर्दा सल्लाह लिन्छन भने २७ जना अर्थात ५४प्रतिशत महिलाहरु निर्णय प्रकृयामा सामेल छैनन् । घर भित्रको कामको निर्णय, खेतीपातिको कामको निर्णय, जस्तै खेताला भन्ने भान्छाको सरसामानको खरिदको निर्णय, खेताला लगाउने, मल विउ किन्ने खेतालालाई ज्याला दिने, माथि भनिए जस्तै लगानी नपर्ने श्रम र रकम बढी नलाग्ने काममा मात्र महिलालेनिर्णय गर्ने अवसर पाएको देखिन्छ भने अन्य जटिल तथा ठुला काममा निर्णय गर्न स्वतन्त्र नरहेको पाईयो । त्यही पनि अलि पाको उमेर भएका महिलाहरु साक्षर निरक्षर जे भए पनि त्यस प्रक्रियामा संलग्न देखिन्छन् भने भर्खर विवाह गरेका महिलाहरु शिक्षित भए पनि स्वनिर्णय गर्नबाट वञ्चित छन् । उनीहरुको कुरा सुनिन्छ तर लागु भने कमै हुने गरेको देखियो ।

## ५.१० निर्णय अधिकारमा प्रभाव पार्ने तत्वहरु

नेपालको ग्रामिण समाजमा महिलाको स्थिति अहिलेसम्म नाजुक छ । सवै महिलाहरुमा शिक्षाको पहुँच छैनन् । घरमा विहान सवेरै उठेर काम गरिरहेका हुन्छन तै पनि उनिहरुको कामको मुल्याङ्कन गरिदैन । महिलाहरु कतियय अहिले सम्म पनि शोषित नै छन् । महिलाहरुलाई घर तथा घर बाहिरका कामको निर्णय तथा आफ्नो व्यक्तिगत काममा पनि निर्णय गर्ने स्वतन्त्रता छैन । यस्तो हुनुको मुख्य कारणहरु शिक्षा, पेशा, सामाजिक हैसियत हादि हुन । यस क्षेत्रका महिलाहरुमा निर्णय अधिकारमा निम्न कुराहरुले प्रभाव पारेको देखिन्छ । जुन तालिकाबाट प्रस्तुत गरिएको छ ।

## ५.१०.१ शिक्षा

शिक्षा एक मार्गदर्शनको आधार हो साथै मानव मात्रको ज्ञान र चेतनाको मुहान पनि । शिक्षाले नै मानिसको जीवनलाई आत्मनिर्भर, स्वावलम्वी र आत्माविश्वास वढाउन सार्थक भूमिका खेल्दछ । समाजमा जव सम्म पुरुष समान महिलाहरु साक्षर हुदैनन तव सम्म परिवार समाज र राष्ट्रको कुनै पनि क्षेत्रको विकास सम्भव देखिदैन महिलाको शैक्षिक अवस्था पुरुषको तुलनामा ज्यादै कम देखिन्छ । तर विगतको तुलनामा हाल आएर शिक्षाको महत्व प्रति नेपाली समाज सचेत हुन थालेको छ । शहरी क्षेत्रको तुलनामा अझ पनि ग्रामिण क्षेत्रका महिलाहरु शिक्षाको अवसरवाट वन्चित हुनु परेको स्थिति देखिन्छ । प्रस्तुत तालिकामा उत्तरदाता महिलाहरुको शैक्षिक अवस्थालाई प्रष्टयाउने प्रयास गरिएको छ ।

**तालिका नं. २०**

**उत्तरदाता महिलाहरुको शिक्षाको स्तर अनुसार वर्गीकरण**

| **शिक्षाको स्तर** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| साक्षर | २० | ४० |
| निरक्षर | १३ | २६ |
| विद्यालय तह | १२ | २४ |
| क्याम्पस तह | ५ | १० |
| जम्मा | ५० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७५

माथिको तालिका नं.२०अनुसार उत्तरदाता महिलाहरुको शिक्षाको स्तरअनुसारको विवरणलाई उल्लेख गरिएको छ ।उत्तरदाता मध्ये ४०प्रतिशत साक्षर छन भने २६ प्रतिशत निरक्षर छन् र त्यसैगरी २४प्रतिशतमहिलाहरुले विद्यालयतह सम्मको अध्ययन गरेका छन् । यसमा ५ कक्षा देखिएस.एल.सि.पास गरेका सवैलाई समेटिएको छ । क्याम्पस तहकोशिक्षा लिनेमा जम्मा१० प्रतिशतरहेको छन् । यसमा प्रविणता प्रमाणपत्र तह र स्नातक तह तथा विश्वविद्यालय सम्मको पढाइ पुरा गरेका र पढ्दै गरेकाहरु सवैलाई समेटिएको छ ।

प्रस्तुत अध्ययनले महिलाहरुको शैक्षिक अवस्था त्यती सन्तोषजनक देखाउँदैन । समग्र ग्रामिण महिलाको शैक्षिक अवस्था पनि उत्तरदाताको जस्तै नाजुक छ । ५० जना महिलाहरु मध्ये २६ प्रतिशतनिरक्षर नै छन भने ४० प्रतिशतसात्क्षर मात्र छन । जसले आफ्नो नाम र सामान्य हिसाव किताव मात्र राख्न सक्छन । जुन हाल गाउँमा आएको प्रौढ शिक्षाले गर्दा हो । तिनिहरु पनि विवाह पछि मात्र प्रौढ कक्षा लिएको वताउँछन । यसवाट के भन्न सकिन्छ, भने पहिला पहिलाको छोरीलाई पढाउनु हुन्न भन्ने मानिसकता र सानै उमेरमानै पुण्य प्राप्तिको नाममा विवाह गरिदिने प्रचलनले गर्दा यस्तो हुन गएको देखिन्छ ।पछिल्ला समयका महिलाहरुमा पढाइको स्तर तुलनात्मक रुपले बढी र उनिहरु प्राय रोजगारी गर्ने छन् उनिहरु समाजमा पनि केहि गर्ने भन्ने सोचाईका हुन्छन र परिवारमा पनि आफ्नो प्रभुत्व बनाउदछन् । पुरुषहरुले पनि उनिहरुलाई हेप्न सक्दैनन् । त्यसैले शिक्षित महिलाले घरको निर्णय प्रक्रियामा पनि अधिकार पाएको देखिन्छ ।

## ५.१०.२ पेशा

साधारणतया जीवन निर्वाहका लागि दैनिक रूपले गरिने कुनै पनि आय आर्जनका काम धन्दालाई पेशा वा व्यावसाय भनिन्छ । पेशा वा व्यावसायको रूपमा कृषि, उद्योग, पशुपालन, व्यापार र नोकरीलाई लिइएतापनि यस अध्ययन क्षेत्रका महिलाहरुको सर्न्दभमा अध्ययन गर्दा अधिकांश महिलाहरु कृषि पशुपालन र घरधन्दाको काममा मात्र सिमित छन, भने नगन्य महिलाहरु मात्र नोकरी, व्यावसायमा संलग्न रहेको पाइन्छ ।

**तालिका नं. २१**

**पेशाको आधारमा उत्तरदाताहरुको वर्गीकरण**

| पेशाको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| गृहिणी | २७ | ५४ |
| कृषि तथा पशुपालन | १६ | ३२ |
| जागीर | ३ | ६ |
| व्यावसाय | ४ | ८ |
| जम्मा | ५० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७५

माथिको तालिका नं. २१ मा उत्तरदाताको पेशाको विवरणलाई देखाइएको छ । जसमा सवैभन्दा बढि २७ जना अर्थात ५४ प्रतिशत महिलाहरुहरू घरधन्दाको कामकाज अर्थात गृहणी छन् । त्यस्तै १६ जना अर्थात ३२ प्रतिशत कृषि तथा पशुपालन गरि बसेका छन भने ३ जनाले नोकरी गरेका छन् । त्यस्तै गरि ४ जनाले व्यावसाय गरिआफ्नोजिविकोपार्जनको बाटो बनाएका छन् ।

अध्ययनमा के देखिन्छ भने अध्ययनमा रहेका ५० जना महिलाहरुमध्ये सबै भन्दा बढी गृहणीको रुपमा रहेका छन् । गृहणीको रुपमा रहेकाहरुमध्ये प्रायजसो पाको उमेर समूहका देखिन्छन् । सामान्य लेखपढ गर्न जान्ने ती गृहणी बुहारीहरु घर बाहिरको काममा दक्ष देखिँदैनन् र खेतिपातिको काम गर्न पनि असक्त देखिन्छन् । उनीहरुले विकल्पको पेसाको रुपमा गृहणीलाई अपनाएको अध्ययनबाट देखिन्छ । उनिहरु कतिपय महिलाहरु घरको काम गरेता पनि निर्णय गर्न पाएका छैनन् । त्यस्तै व्यापार तथा नोकरी गर्ने महिलाहरु अन्य पेशाको भन्दा घरायसी कामकाजमा निर्णय लिने र उनिहरुले भनेका कुरा पनि परिवारले पालना गर्ने देखियो ।

## ५.१०.३ महिला र वाह्य गतिविधि

विशेष गरेर २०४६ को राजनैतिक परिवर्तन पश्चात ग्रामीण महिलाको वाह्य गतिविधिमा सम्लग्नता बृद्वि भएको पाइएको छ ।महिलाहरू खासगरिकन आमा समुह र उपभोक्त समितिका माध्यमवाट वाह्य गतिविधिमा संलग्न भएका छन् । तर पनि पुरुषको तुलनामा उनीहरुको सामाजिक सहभागिता कमजोर देखिएको छ ।

**तालिका नं. २२**

**वाह्य गतिविधिमा संलग्न महिलाहरुको विवरण**

| संघ संस्था | संख्या | प्रतिशत |
|---|---|---|
| सरकारी | ५ | ६२.५ |
| गै. स.स. | २ | २५ |
| जनप्रतिनिधि | १ | १२.५ |
| जम्मा | ८ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

यहा सबै पढेलेखेका र भर्खरका महिलाहरु समावेश छन । विशेष गरि वहुदलिय व्यवस्थाको पुनः स्थापना पछि महिलाहरू गैर सरकारी संस्थामा बढि संलग्न हुन थालेको पाइन्छ । त्यस्ता संस्थाहरूमा आमा समुह, महिलावचत, वन उपभोक्ता समिति र धार्मिक प्रकृतिका संस्थाहरु छन । अध्ययन क्षेत्रमा महिला समुहको सक्रियतामा १ वटा मन्दिर वनेको छ । त्यस्तै गरि महिलाहरूले चौताराहरू पनि वनाएका छन् । यद्यपी मन्दिरले भावनात्मक आनन्दिको साथै महिला एकतालाई सहयोग पुर्‍याएको पाइएको छ ।यस्तै राजनैतिक सहभागिता हेर्दा मतदातको रूपमा मात्र सहभागि भएको देखिन्छ । राजनैतिक परिवर्तन पश्चात स्कूल व्यावस्थापनमा र स्थानिय निर्वाचनको लागि तयार परिएको अध्यादेशको कारणले हरेक वडामा १ जना महिला प्रतिनिधि हुन पर्ने प्रावधानले गर्दा त्यस्ता क्षेत्रमा महिला सहभागिता त देखिन्छ तर नाम मात्रका छन् । गाउँमा अवसर कम हुने र घरवाट टाढा जान सामाजिक कारणले समेत व्याबधान गरेकोले पनि महिलाको वाह्‍य गतिविधिमा संलग्नता कम हुन गएको देखिन्छ । आर्थिक रूपले वाह्‍य गतिविधिमा ८ जना अर्थात १६ प्रतिशत महिला मात्र संलग्न छन् ।

यसरी पुरुषको तुलनामा महिलाको वाह्‍य गतिविधिमा संलग्नता कम देखिनु उनीहरू अहिले पनि परम्परागत घरधन्दा र कृषि व्यावसायमा नै सीमित रहनु वा सीमित राखिनुले गर्दा महिलाको भूमिका कम देखिएको छ ।

## ५.१०.४. व्यैयक्तिकअध्ययन

**१. जानुका वि.क.(नाम परिवर्तन गरिएको)**

म मसिना वि. क. ५६ वर्षको भएँ । मेरो घरमा हाल म मात्र छु। म एकल महिला हुँ। मेरो श्रीमान्‌को मृत्यु आज भन्दा ५ बर्ष अगाडी भएको हो । मेरो बिबाह आज भन्दा ३८ वर्ष अगाडी भएको हो। मेरो नाममा घर जग्गा केहि पनि छैन । मेरो छोरा छोरी ५ जना छन् । तर सवै छोराहरु छुटि्एर बाहिर गएर बसेका छन् भने छोरीहरुको विवाह भैसकेको छ । मेरो आम्दानीको स्रोत केहि पनि छैन सकेको बेला अरुको काम गर्न जान्छु । लगभग खानलाई निमेक गरेरै पुग्छ तर कहिले काहीँ छोराछोरीले पनि खर्च दिन्छन् र विरामी पर्दा उपचार गर्ने गर्छु ।  मेरो घरमा पशुपंछी छैन जसको निर्णय म स्वयम् आफैले र्गने गर्दछु । घरभित्र र बाहिर के गर्ने, कहाँ जान्ने र के र्गने भन्नेकुराको निर्णय मैलेनै र्गदछु । श्रीमान्‌छदा उहांले र्गनुहुन्थ्यो तर उहाँको मृत्यु पश्चात त्यस्ता

सम्पूर्ण निर्णय म आफैले गर्ने गर्दछु। म निरक्षर हुँ । गाउँमा पहिले पहिले दलित भनेर हेप्थे तर अहिले त्यस्तो जमाना गएछ । सबैले माया नै गर्छन । तर अरुको घरभित्र पस्न दिदैनन र आफुलाई पनि त्यसो गर्न मन लाग्दैन ।

**२. विनिता परियार (नाम परिवर्तन गरिएको)**

म विनिता हाल २८ वर्षको भएँ। महिले सामान्य पढ लेख गरेको छु। म अहिले घरैको काम र केहि बाखा पालन गरेर बसिरहेको छु। श्रीमान रोजगारीको सिलसिलामा दुवई जानु भएको छ । मेरो परिवारमा अहिले ४ जना छौ। म,श्रीमान्, २ छोरी छौ। मेरो बिबाह १८ बर्षको उमेरमा भएको हो हाल बिबाह भएको ७ वर्ष भएको छ । जहाँ मेरो नाममा घर जग्गा छैन र हामीलाई विस्वास पनि गर्दैनन ।  थोरै जग्गा श्रीमानको नाममा छ । जग्गाबाट उत्पादन भएकोअन्नले हामीलाई राम्ररी खान पुग्दैन । मेरो श्रीमानले पठाएको पैसाले घर खर्च चलाउछुँ । कुन खेती कहिले लगाउने र कुन वस्तु पाल्ने भन्ने करा आफैं निर्णय गर्छु । हामी उहाँको सल्लाहलाई मान्ने गर्दछौ। घरायसी निर्णय अधिकारमा मेरो पुर्ण रुपमा हात छ । बच्चाको शिक्षादिक्षाको लागी हामी श्रीमान्र श्रीमती बिचमा सल्लाह हुने गर्दछ र दुबैको सल्लाह अनुसार अगाडी बड्ने गर्दछौं । मेरो मागी बिबाह भएको हो । हामीले परिवार नियोजनको स्थायी साधनको प्रयोग गरेका छौ जुन मेरो श्रीमान्ले गर्नुभएको छ ।

**३. देबकी नेपाल (नाम परिवर्तन गरिएको)**

देबकी समाजमा मध्यम वर्गिय ब्राम्हण परिवारमा जन्मि हुर्किएकी हाल ३४ वर्षीय महिला हुन्। उनी अहिलेआफ्नो परिवारमा बुहारीको स्थानमा भएता पनि भर्खरै सासु ससुरासँग छुट्टिएर बसेकी छिन्। उनले भेटघाटका कममा भनिन् म २०४१ सालमा जन्मिएकीहुँ । मेरो बिबाह २०६३ सालमा भयो । त्यस बेला महिले मेरो पढाइ पुरा गरिसकेको थिए । अहिले मेरो परिवारमा ३ जना छौ । म,मेरो श्रीमान्,छोरा, मेरो श्रीमान् पढाउनु हुन्छ । म गाउँको नजिकै रहेको विद्यालयमा शिक्षीका छु । मेरो छोराअहिले ६ बर्षको छ ऊमहिले पढाउने विद्यालयमा कक्षा १ मा पढ्छ। जमिनबाट उत्पादन भएको अन्नले हामीलाई खान पुग्छ र आफनै घर छ । मासिक रूपमा ५० हजार आम्दानी हुन्छ । जसबाट हामीले मासिकरूपमा ४० हजार बच्चाउन सक्दछौ।

हामीले दुबै जनाको नाममा बजारमा ४ आना जग्गा किनेका छौ र नजिकै गाउँमा ६ आना जग्गा पनि किनेका छौ । जुन मेरो नाममा छ ।हामीले घरायसी निर्णय गर्दा दुबै जना सरसल्लाहमा गर्ने गर्दछौ। तर घरायसी निर्णय गर्दा मेरो भन्दा बढी श्रीमान् को हात रहन्छ ।

# अध्याय छ

# सारांश, उपलब्धि र निष्कर्ष

## ६.१ सारांश

विगत केही दशक यतादेखि महिलाहरूको उत्थान सम्बन्धी चर्चा परिचर्चाले व्यापकता पाउँदै आएको छ । विश्वभरि नै अहिले महिलालाई समान स्तर दिने धारणा देखा परेको छ । महिला स्वतन्त्रता, समानता र महिला सशक्तिकरणका लागि राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा नै भएका प्रयाहरू अवश्य पनि उत्साहवर्द्धक एवं उल्लेखनीय छ । लामो समयदेखि नै संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरू महिलालाईपुरूष सरह सबै क्षेत्रमा समान अवसरहरू उपलब्ध गराउने विषयमा चिन्तनशील एवं प्रयासरत छन् तापनि विश्वको प्रायः जसो मुलुकहरूमा महिला रपुरूष बीच धेरै विभेद रहेको पाइन्छ । नेपाल पनि संयुक्त राष्ट्र संघको आव्हानमा भए गरेका क्रियाकलापहरूमा संलग्न हुँदै आएको छ । त्यस्तै नेपाल संविधान (२०७२) ले समानताको प्रत्याभूति गरेको र सो अनुरूप लैङ्गिक समानतालाई सुनिश्चित गर्न राज्यले आफ्नो प्रतिबद्धता देखाएको छ तापनि त्यस्ता प्रतिवद्धताको कार्यान्वयन पक्षमा देखिएका कमजोरीहरूले गर्दा महिलाहरूले आफ्नो कानुनी हक तथा अधिकारको उपभोग गर्नबाट वञ्चित हुनु परेको छ । फलस्वरूप महिला र पुरूष बीच व्यापक अन्तर रहेको छ । नेपालमा लैङ्गिक विभेद हरेक क्षेत्रमा विद्यमान छ । देशको जनसङ्ख्याको आधा हिस्सा ओगटेका नेपाली महिलाहरूको पहुँच स्वास्थ्य, शिक्षा, राजनीति, प्रशासन, संचार, न्याय, प्रविधि, नीति निर्णय गर्ने तह आदि सबै क्षेत्रमा नै असमान र न्यून रहेको हुँदा राष्ट्र विकासको अभियानहरूमा अग्रगति दिन महिलाहरू चुकेका छन् । नेपाली महिलाहरूको जीवनस्तर अन्य विकसित मुलुक तथा दक्षिण एसियाली मुलुकका महिलाहरूको भन्दा निम्न स्तरको रहेको छ । जातीय तथा क्षेत्रीय विविधता, सांस्कृतिक प्रभाव, भौगोलिक विषमता आदिका कारण महिलाहरू बीच पनि आर्थिक, सामाजिक स्थितिमा व्यापक अन्तर रहेको पाइन्छ ।

महिला र पुरूष दुवै समाजका समान वर्गका हुन्, सृष्टिको निरन्तरताको लागि महिला र पुरूष दुवैको समान महत्व रहन्छ । तैपनि महिला विरुद्धको भेदभादयुक्त कानुनी व्यवस्थाले गर्दा पैतृक सम्पतिमा पुरूषहरूको अधिकारलाई कानुनलेमान्यता दिएको छ तर

महिलालाईपुरूष सरह अंशको हकदार मानेको छैन । त्यस्तै अविवाहित छोरीले मात्र अंशको दावी गर्न सक्ने तुल्याएको छ । आर्थिक स्थितिले नै महिलाहरूको सामाजिक स्तर निर्धारण गर्ने हुँदा समाजमा महिलाहरु तल्लो दर्जाको र प्रतिष्ठाविहिन स्तरमा स्थापित रहेका छन् ।

लैङ्गिक समानता र महिला सशक्तिकरणको उद्देश्य हासिल गर्ने महत्वपूर्ण आधार नै शिक्षा हो तर नेपालको राष्ट्रिय साक्षरता दर पुरूषको भन्दा महिलाको धेरै नै कम रहेको छ । यही नै महिला पछ्यौटेपनका अर्को कारण हो । यही चेतनाको अभावमा नेपाली महिलाहरूआफ्नो कानुनी अधिकार उपभोग गर्नबाट वञ्चित भएका छन् ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेपाली समाजमा महिलाहरूप्रतिको धारणामा धेरै खुलापन, उदारता र परिवर्तन देखा परेको छ । खास गरेर छोरा र छोरीलाई समान व्यवहार गर्ने र समान अवसर दिने कुरामा समाज धेरै अघि बढेको पाइन्छ । त्यस्तै मानवीय विकास अन्तर्गत समानताको पक्षमा नेपालमा प्रगति हुँदै गरेको पाइन्छ । ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रमा लैङ्गिक समानताको विकास बढी भएको पाइन्छ ।

यो अध्ययन इलाम जिल्लाको फाकफोकथुम गाउँपालिका वडा नं. ५ लम्देका महिलाहरूको निर्णय अधिकार, सामाजिक, आर्थिक स्थिति र भूमिकामा केन्द्रित रहेको छ । यसमा विभिन्न विद्वानहरूद्वारा महिलाहरूका सामाजिक आर्थिक स्थितिका बारेमा गरिएका खोज ग्रन्थहरूलाई अध्ययन गरी उपयुक्त विषयवस्तुलाई पुनरावलोकन गर्ने प्रयास गरिएको छ ।

अध्ययनको लागि वर्णनात्मक र अन्वेषनात्मक अनुसन्धान पद्धति अपनाइएको छ । प्राथमिक तथा द्वितीय विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्क क्षेत्रगत अध्ययनबाट प्रश्नावली अन्तर्वार्ता विधि अपनाई सङ्कलन गरिएको छ भने द्वितीयतथ्याङ्क विभिन्न लेख, रचना, पत्र, पत्रिका आदिबाट सङ्कलन गरिएको छ ।

इलाम जिल्लाको फाकफोकथुम गाउँपालिका वडा नं. ५ लम्देमा रहेका जम्मा ४०० घर धुरी मध्ये यस अध्ययनका लागि ५० धर धुरीलाई समावेश गरीएको छ । जहाँ जनसङ्ख्या १७९ जना रहेका छन् । जस मध्ये ८८ जना महिला र ९१ जनापुरूष रहेका छन् । त्यस ५० घरधुरि मध्येका ८८ जना महिलाहरू मध्ये ५० जना विवाहित महिलाहरूलाई अध्ययनको लागि छनोट गरिएको थियो । यी उत्तरदाताहरूलाई अध्ययनको लागि तयार

पारेको अर्न्तवार्ता सूचिको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । त्यसै मध्ये ३ जनालाईव्यैयक्तिक अध्ययनलागि छनोट गरी उनीहरूको घरायसी निर्णय अधिकार, परिवारको स्थिति, निर्णय अधिकारमा भएका समस्या आदिबारे छलफल गरी अध्ययन गरिएको छ । सङ्कलित तथ्याङ्कहरूलाई सम्पादन गर्ने, तालिकाबद्ध गर्ने र क्रमैले विश्लेषण गर्ने कार्य गरिएको छ । तथ्याङ्क विश्लेषण गर्दा गुणात्मक ⁄ मात्रात्मक प्रकृतिलाई ग्रहण गरिएको छ ।

अध्ययनमा उत्तरदाताहरूको सामाजिक, आर्थिक स्थितिको विश्लेषण गरिएको छ । उत्तरदाताहरूको सामाजिक, आर्थिक स्थित थाहा पाउन उत्तरदाताहरूको उमेर, धर्म, जात⁄जाति, वैवाहिक स्थिति, परिवारको संरचना, परिवारको आकार, घरमूलिको अवस्था,आर्थिक तथा पारिवारिक निर्णय गर्ने स्थिति, परिवारको पेशागत विवरण, रोजगारीको स्थिति, घर तथा जमीन माथिको स्वामित्वको स्थिति, केटाकेटीको रेखदेख गर्ने स्थिति, निर्णय अधिकार भए नभएको आदि विविध पक्षको अध्ययन गरी त्यहाँ भएका समस्याहरूलाई पहिल्याई प्रकाश पार्ने प्रयास गरिएको छ । संकलित तथ्याङ्कलाई तथ्याङ्कीय पद्धति अनुसार विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनबाट के प्रष्ट हुन्छ भने ग्रामीण क्षेत्रका महिलाहरूको निर्णय अधिकार सहरी क्षेत्रको महिलाको तुलनामा कम भएको पाइन्छ । उत्तरदाताहरूलाई उमेर अनुसार वर्गीकरण गरिएको छ । उत्तरदाताहरू विभिन्न उमेर समूहका रहेका छन् । १५ वर्षभन्दा माथिका विवाहित उत्तरदाताहरूलाई १०⁄१० वर्षको फरकमा वर्गीकरण गर्दा सबैभन्दा बढी ३६ देखि ४५ वर्षसम्मका २६ प्रतिशत त्यस्तै ४६ देखि ५५ वर्ष उमेर समूहका २४ प्रतिशत,छन् भने सवैभन्दा कम ७५ वर्ष भन्दा माथिका जम्मा ४ प्रतिशत छन् । यस प्रकार ३६ देखि ४५ वर्षसम्मका उत्तरदाताहरू बढी हुनुको कारण त्यस समुदायमा सानै उमेरमा विवाह भई बच्चा जन्माउने र पाको भै सकेका र यस अध्ययनमा पाको उमेर कै महिलालाई छनौट गरिएकाले हो । अध्ययन क्षेत्र ग्रामीण क्षेत्र भएको हुँदा निर्णय अधिकारमा पूर्ण रूपमा महिला माथि अधिकार नरहेको पाइयो । अध्ययन गरिएको क्षेत्रमा ब्राम्हण समाज बढि भएकोले ब्राम्हण जातिका महिलाहरूलाई अन्य जाति भन्दा आर्थिकदेखि अन्य निर्णय अधिकारमा समेत अधिकार कम रहेको पाइयो । नेपाल धर्म निरपेक्ष राष्ट्र भएतापनि अन्य धर्महरूको तुलनामा हिन्दुको संख्या बढी पाइन्छ । त्यसमा पनि यस क्षेत्र ग्रामीण क्षेत्र भएको

हुनाले यहाँ बसोबास गर्ने मानिसहरू धैरेले हिन्दु धर्म अपनाउँछन् । पारिवारिक स्वरूपका आधारमा उत्तरदाताको स्थिति अध्ययन गर्दा प्रायः जसो २२ प्रतिशत उत्तरदाताहरू संयुक्त परिवारमा बसोवास गर्दछन् भने ७८ प्रतिशत एकल परिवारमा बस्छन् । उत्तरदाताहरू ग्रामीण क्षेत्रमा भईकन पनि स्वास्थ्य शिक्षा र प्रजनन् सम्बन्धी शिक्षा पाएकै कारणले प्रजनन् दर कम रहेको र परिवार संयुक्त भएको परिवारको आकार ठूलो रहेको पाइयो । श्रीमान र श्रीमती बीचको आपसी सम्बन्ध र समझदारी बढेको, घरायसी काममा एकले अर्कालाई सहयोग गर्ने पारिवारिक तथा आर्थिक निर्णय पुरूषले बढी सल्लाह गर्ने हुँदा निर्णय अधिकारमा महिलाको भन्दा पुरूषको बढी अधिकार रहेको छ । उत्तरदाताहरूको शैक्षिक स्थिति न्यून रहेको, आय आर्जन हुने काममा सरिक नभएको हुनाले महिलाहरूको आर्थिकदेखि अन्य निर्णय प्रक्रियामा एकल सहभागिता कम भएपनि दुवै मिलेर गर्ने निर्णयहरु सन्तोषजनक नै रहेको पाईयो ।

उत्तरदाताहरू मध्ये अधिकांश उत्तरदाताहरूको समस्या भू-स्वामित्यमा अधिकार कम हुनु हो । जहाँ उनीहरूको नाममा सामान्य एक टुक्रा जमिन नहुनु र उनीहरूले आफ्नो सम्पूर्ण जीवन त्यहाँ बिताउनु पर्नु तर उनीहरूको कार्यको आर्थिक मूल्याङ्कन नहुन मुख्य समस्या हो । यही समस्याले गर्दा उत्तरदातहरूले बढी समय काम गर्नुपर्ने भएकोले उनीहरूमा कामको भार बढी हुन्छ । तर यस क्षेत्रमा भु-स्वामित्वको हकमा १८ प्रतिशत महिलाको नाममा घर जग्गा छ भने ७० प्रतिशत पुरुषको नाममा छ त्यस्तै दुवैको नाममा रहेको १२ प्रतिशत छ । यस तथ्याङ्कले के प्रष्ट पार्दछ भने पुरुषको तुलनामा महिलाको अधिकारमा समानता नभएता पनि महिलाको नाममा ३० प्रतिशत हुनु पनि यस क्षेत्रमा समानता तथा सकारात्मक पक्षतिर लम्किएको मान्न सकिन्छ ।यस बाहेक अन्य समस्याहरूमा आर्थिक मूल्याङ्कन नहुनु, दैनिक बढी घन्टा काम गर्नुपर्ने, जुनसुकै बेला पनि अरुको सेवामा रहनु पर्ने आदि उत्तरदाताहरूका समस्या भएको पाइन्छ ।

अध्ययनमा अधिक महिलाहरु गृहणी र कृषि तथा पशुपालन व्यवसायमा आवद्ध छन् । उनीहरु घरमै बसी चूलो चौको, घाँस दाउरा, पानी, गाईगोठ, मेलापात गरी जीवन व्यतित गरिरहेका देखिन्छन् भने सीमित बुहारीहरुमात्र व्यापार सीपमूलक काम र जागिर जस्ता कार्यमा सम्लग्न देखिन्छन् ।

अध्ययन गरिएका महिलाहरु मध्ये जम्मा ५ जनाले मात्र क्याम्पस तहको अध्ययन गरेका छन भने १३ जना निरक्षर छन, २० जना सामान्य लेखपढ गर्न सक्ने साक्षर छन् । त्यस्तै १२ जनाले विद्यालय तहको पढाइ पनि पुरा गरेका छैनन । जसवाट महिलाहरू पढाइमा पछि परिरहेका छन्, भन्ने कुरा थाहा पाउनुको साथै यसतर्फ ठोस नीति लिन सहयोग पुग्ने देखिन्छ ।

अध्ययनमामहिलाहरुले घरभित्र वा घर वाहिर पुरुषको तुलनमा अत्यन्त राम्रो फलदायी हुने किसिमको कामको निर्णय दिन र लिन सक्ने क्षमता, सिप तथा अनुभव महिलाहरुमा भए तापनिमहिलाहरुहरूको क्षामताको कदर गर्ने र असल वा कमसल जुनसुकै कामको समेत महिलाहरुहरूलाई एकल निर्णय गर्न दिने अधिकार प्राय परम्परा देखिनै देखिदैन । यस किसिमको स्थिति रहनु पछाडि हरेक निर्णयमा पुरुषको वाहुल्यता रहनु र स्वयं समाज पुरुष प्रधान किसिमको रहनुको कारणलाई लिन सकिन्छ । अध्ययन क्षेत्रका महिलाहरूले सानो देखि ठुलो र सरल देखि जटिल जुन सुकै कार्यमा पनि आफ्नो स्वविवेकले निर्णय नगरी ससुरा तथा श्रीमानको आदेश अनुसार गर्नु परेको देखिन्छ ।

अध्ययन क्षेत्रमा शिक्षित, रोजगारी, व्यापारी तथा अलि शिक्षित परिवारमा भएका महिलाहरुको काम कर्तव्य तथा अधिकार अशिक्षित, वेरोजगारी, तथा अन्धविस्वासी परम्परालाई मान्ने परिवारका महिलाहरुको भन्दा बढि रहेको पाईयो ।

## ६.२ उपलब्धि

१. ग्रामीण क्षेत्रका महिलाहरुको निर्णय अधिकार सहरी क्षेत्रको महिलाको तुलनामा कम भएको पान्छ ।
२. अध्ययन क्षेत्र ग्रामीण क्षेत्र भएको हुँदा निर्णय अधिकारमा पूर्ण रुपमा महिला माथि अधिकार नरहेको पाइयो, साथै अन्य निर्णय अधिकारमा समेत कम रहेको पाइयो ।
३. यस अध्ययन क्षेत्रमा हिन्दु धर्म मान्नेको संख्या बढी मात्रामा पाइयो ।
४. पारिवारिक तथा आर्थिक निर्णयमा पुरुषले बढी सल्ला गर्ने हुँदा निर्णय अधिकारमा महिलाको भन्दा पुरुषको बढी अधिकार रहेको पाइयो ।
५. भु-स्वामित्वको हकमा ७० प्रतिशत घर जग्गा पुरुषको नाममा रहेको र महिलाको नाममा १८ प्रतिशत र दुवैको नाममा १२ प्रतिशत रहेको पाइयो ।

६. महिलाहरु गृहणीको काममा र पुरुषहरु बाहीरको काम गर्ने गरेको पाइयो ।

७. आर्थिक रुपमा महिला भन्दा पुरुषहरु सक्षम रहेको पाइयो ।

८. शिक्षा क्षेत्रमा महिलाहरुको शैक्षिक योग्यता कम रहेको तथानिरक्षर महिलाको भन्दा शिक्षित महिलाहरुको निर्णय अधिकार बढी रहेको छ ।

९. रोजगारी गर्ने महिलाहरुमा अन्य महिलामा भन्दा निर्ण गर्ने अधिकार वढी रहेको र उनीहरुले भनेका गरेका काममा पनि पुरुषहरु सहभागी हुने र सहयोग गर्ने गरेको पाइयो ।

१०. महिलाहरु गृहिणी बाहेक सरकारी गै.स.स. र जनप्रतिनिधिको रुपमा पनि संलग्न रहेको पाइयो ।

११. गृहिणीको रुपमा सवै भन्दा वढी संलग्नता रहेका पाइयो ।

## ६.३ निष्कर्ष

तुलनात्मक रूपमा विगतका दशकहरूमाभन्दा महिलाको शैक्षिकदेखि निर्णय अधिकारप्रति व्यक्ति आय जस्ता परिसूचकहरूमा वृद्धि भएको र महिलाहरूको स्थितिमा प्रगति भएको छ । वर्तमान नेपाली महिलाहरू आधुनिकता तथा विकासतिर उन्मुख रहेका छन् तापनि देशको आधा जनसङ्ख्या ओगटेका यी महिलाहरू विकासको मूल प्रवाहमा समान रूपले सहभागी र सहयात्री भई पुरूष सरह अघि बढ्न सकिरहेका छैनन् । देशको सर्वाङ्गिण विकास अभियानले तब नै पूर्णता पाउन सक्छ जब देशको आधा जनसङ्ख्या महिलाहरूलाई समान रूपमा सरिक गराइन्छ ।

नेपाली पितृसत्तात्मक समाज हालसम्म पनि सरकारी, गैह्रसरकारी तथा विकास निर्माणदेखि सवै क्षेत्रमा पुरुषको नै हावि छ अर्थात पुरुषको तुलनामा महिलाहरुको सहभागिता न्युन नै पाईन्छ । हाल नेपालमा मुख्य तिन ठुला पदमा महिलाहरुको महिलाहरुको उपस्थिति रहेता पनि यसले नेपाली समाजमा केहि सहजता भएतापनि ग्रामिण समाजका महिलामा सुधार हुन कठिन रहेको पाईन्छ । पितृसत्तात्मक सामाजिक संरचनाका कारण नेपालमा छोरा र छोरी बीच लिङ्गभेद विद्यमान रहेको छ । आफ्नै घरभित्र नै छोरीलाई अर्काको घर जाने ठानी परिवारमा अस्थाई सदस्यको रूपमा हेर्ने परम्परा भएको नेपाली समाजमा महिलाहरूको शैक्षिक स्थिति रन्यन रोजगारीको अवसरहरू उपलब्ध रहेको छ ।

अध्ययन क्षेत्रमा बाहृमणहरु र सवै हिन्दुहरु रहेको यस क्षेत्रमा महिलाहरुको शिक्षाको स्तर दयनिय नै भएता पनि समय परिवर्तन सँगै थोरै मात्रामा महिलाहरू अघि बढेको पाइन्छ । जसको मुख्य कारण शिक्षा नै हो र रुढीवादी परम्परामा परिवर्तन पनि हो ।निर्णय अधिकारमा महिलाको भूमिका अत्यन्तै न्यून छ । कानुनी रूपमा महिला समानता र सशक्तिकरणको कुरा गरे पनि व्यवहारिक रूपमा त्यसको पूर्ण पालना नभएको पाइन्छ । जसले गर्दा महिलाले तेस्रो दर्जाको नागरिकको रूपमा जीवन बिताउन परेको छ ।समाजमा व्याप्त कुप्रथा तथा अन्धविश्वासका कारण नेपाली महिलाहरू पछि परेका छन् । यस्ता रुढिवादी परम्परालाई हटाउने बलियो माध्यम शिक्षा र निर्णय अधिकार नै भएकोले महिलाहरूलाई बढी भन्दा बढी शिक्षित बनाउने र निर्णय गर्ने अधिकारमा सरिक गराउनु आजको आवश्यकता हो ।

निरक्षर महिलाहरू भन्दा शिक्षित महिलाहरूको निर्णय अधिकारमा बढी हात रहेको छ र शिक्षित महिलाहरूसँग निर्णय गर्न सक्ने क्षमता पनि देखिन्छ । त्यसै ग्रामीण समाज भएकाले विवाह गरेको बढी समय भएका र बच्चाबच्ची भएको महिलाहरूको निर्णय अधिकार बढि रहेको छ । निर्णय अधिकारमा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक पक्षले पनि प्रभाव पारेको देखिन्छ । यहाँ बढी मात्रामा हिन्दु धर्म मान्ने समुदाय रहेको र बढी मात्रामा ब्राम्हण र क्षेत्री जातिको बसोबास भएकोले निर्णय अधिकारमा महिलाको भूमिका कम रहेको पाइन्छ ।

त्यस्तै रोजगारी गर्ने महिलाहरुमा अन्य महिलामा भन्दा निर्णय गर्ने अधिकार बढि रहेको पाईन्छ । उनिहरुले भनेका गरेका काममा पनि पुरुषहरु सहभागी हुने र सहयोग गर्ने गरेको पाइन्छ । वाहृय गतिविधिमा लागेका महिलाहरुमा पनि उनिहरुले निर्णय गर्न सक्छन र सहि वा राम्रो काम गर्न सक्छन भन्ने मान्यताले गर्दा निर्णय अधिकार अन्य महिलामा भन्दा बढि रहेको पाईन्छ ।हाम्रो समाजमा महिलाहरु उठ्नका लागि कतिपय क्षेत्रमा महिलाहरु पनि अग्रसर हुनुपर्ने, सवै शिक्षित, रोजगारी युक्त हुनु,पारिवारिक भेदभाव हटाउनु र परम्परागत मुल्य मान्यता, अन्धविस्वासलाई हटाएर सफल तथा सभ्य समाजको निर्माण गर्नु एक चुनौति पुर्ण कार्य हुनेछ ।

## सन्दर्भ सामाग्री


ईश्वर, पोखरेल (२०७४) सामाजिक स्तरीकरण तथा सामाजिक विविधिकरणः पैरवी प्रकाशन ।

पौड्याल, विणा (२०६७) विविध आयाममा नेपाली महिला, काठमाडौँ : पैरवी बुक हाउस ।

प्रधान, विना (१९८०) द स्टाटस अफ नेप्लिज ओमन, भोलम १, पार्टस, ३ सेडा ।

प्रश्रित, मोदनाथ( २०४९) नेपालमा छोरी प्रतिको सामाजिक अवधारणा, काठमाडौं : एकता प्रकाशन ।

भासीन, कमला (१९९५) पितृसत्ता के हो ? काठमाडौं : कमलादी ।

महिला र कानुन विकास मञ्च, (२०६१) महिलाको आर्थिक र कानूनी अधिकार, काठमाडौं : थापाथली।

मिश्र, चैतन्य (२०६३) पुँजिवाद र नेपाल, काठमाडौं : मुल्याङ्कन प्रकाशन गृह ।

सुवेदी, प्रतिभा (२०५९) महिला पुरुष समविकासको आधार, काठमाडौं : लुस प्रेस नयाँ बानेश्वर ।

सुवेदी, प्रतिभा (२०६८) महिलामुखी बजेटको प्रसङ्ग गोरखापत्र साउन १७ गते ।

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, (२००१) मानव विकास प्रतिवेदन, काठमाडौं, नेपाल ।

संवैधानिक तथा संसदिय अभ्यास समाज, (स्कोप) (२०५०) महिला विकास र कानुन, काठमाडौं : थापाथली ।

श्रेष्ठ, केशवकुमार (२०६०) लैङ्गीक अध्ययन, काठमाडौं : ऐकेडेमिक बुक सेन्टर किर्तिपुर ।

Acharya , Meena (1997) Gender Equality and Emploment of Women, Kathmandu : CBS.

Acharya, Meena (2003) Changing Gender Status Achievements and Challenges in Population Monograph of Nepal, Kathamandu : CBS.

Acharya, Meena and Beenet, (1981) Status of Women in Nepal, Vol. 2 T. U. Kritipur.

Bennet, Lynn (2010) Dangerous Wives and Sacred Sister. Social and Symbolic Role of High Caste Women in Nepal, Kathmandu : Mandala Book Point.

Central Bureauof Statistics,(2011/12) National population and Housing Census, Kathmandu : CBS.

CWIN(2002) Women’s participation for overall development, Kathmandu Nepal: Resourcesand information Center.

Dhungel, Basundhara (1981) Labour Participation and Fertility of Rural Women in Nepal, Pustakalaya. Org/eserv.

FAO,(2011) Facts and Figures: Rural Women and the Millennium Development Goals, Kathmandu, Nepal.

Paudyal, Bina(1980) The Status of Nepalies Women, Volum 1, Parts 3 SIDA.

Pokhrel, Shanta (1982) Nepalies Women, Kathmanndu : HMG Press.

Sharma, P.R.(2054) ‘‘ Cast Social Mobility and Sanskritization :Study of Nepal old legal Kode .

Sing, Uday(2002) Marriage and Nepalies Women, Child Worker in Nepal, Kathmandu : Resources and Information Centre.

Subedi, Prativa (1997) Nepali Women Rising, Katkmandu: Women Awarness Centre.

USAID, (1981) Report Sitiation of Nepalies Women, Kathmandu, Nepal.